महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७७

खांदवारी नगरपालिका
संखुवासभा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपा

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश [illegible] प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

महालेखापरीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. ४४१

मितिः २०७७।३।२६

श्री नगर प्रमुखज्यू,
खांदवारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, संखुवासभा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६/०७७
च.नं ४१९

मितिः २०७७।३।१९

श्री नगर प्रमूख ज्यू,
खादवारी नगरपालिका,
संखुवासभा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले खादवारी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ७९ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ८२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ करोड ५४ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २ लाख ३७ हजार र पेश्की बाँकी रु.१२ लाख ८९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा वेरुजु फछ्र्यौट नभएकोले सोही बमोजिम वेरुजु कायम भएको व्यहोराको अन्तीम प्रतिवेदन पाना उनन्तिस (२९) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगरपालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

विन्दु विष्ट
नायब महालेखापरीक्षक

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । १ नम्बर प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा र ८२ वर्ग कि.मी.क्षेत्रफल रहेको छ ।

स्थानीय संचित कोष: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम खाँदबारी नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

	आय तर्फ	**रकम**	**व्यय तर्फ**	**रकम**
केन्द्र तर्फ	वितिय समानिकरण	१७९,५००,०००।००	जम्मा चालु खर्च	३४८०२८४०१।९१
	राजश्व बाँडफाँड	५७,७७४,१८३।३९	जम्मा पूजिगत खर्च	२२०११५८८०।२५
	सशर्त अनुदान	२४८,६००,१७८।४०	धरौटि फिर्ता	११५४३३०।५०
प्रदेश तर्फ	वितिय समानिकरण	३,६२०,०००।००	विशेष कोष खर्च	५९३२११९।००
	राजश्व बाँडफाँड	०।००	**जम्मा खर्च**	**५७५२३०७३१।६६**
	सशर्त अनुदान	१८,५००,०००।००	प्रदेश लेखा फिर्ता	६१७४९१६।००
	निर्वाचन क्षेत्र विकास कार्यक्रम	७,५००,०००।००	को ले नि का फिर्ता	१६६०८७९६।०४
राजश्व	आन्तरिक आम्दानी	२२,९६०,९१८।८०	**जम्मा फिर्ता**	**२२७८३७१२।०४**
	रजिस्टेसन आय	०।००	**कूल जम्मा खर्च**	**५९८०१४४४३।७०**
अन्य	सा सु	४५,३८०,०००।००	चालु खातामा बाँकी	०।००
	प्र म रोजगार	३,५३६,०९५।००	पुँजिगत खातामा बाँकी	०।००
	प्रदेश तथा स्थानिय तह क्षमता विकास	३०५,०००।००	संचित खातामा बाँकी	१०११८२७९९।५७
	पूर्वाधार विकास साझेदारी का	७,९८६,८५३।००	धरौटि खातामा बाँकी	१८०६२११।४८
	सडक बोर्ड	५,०२१,९५४।००	मर्मत संहार कोष खातामा बाँकी	२१६७३७२।२०
	धरौटी आय	१,७०२,१३०।६६	प्रकोप व्यवस्थापन कोष खातामा बाँकी	३१८६७८८।००
	अन्य विविध आय (पे.फ. फिर्ता समेत)	०।००	कर्मचारी कल्याण कोष खातामा बाँकी	७९६३६७४।१७
	झोलुङ्गे पुल	१,३००,०००।००	वातावरण संरक्षण कोष खातामा बाँकी	२००००००।००
	गरिव सँग विशेश्वर	३९४,०००।००	विभाज्य कोष खातामा बाँकी	१२०००००।००
	स्थानिय पूर्वाधार विकास कृषि सडक	९,३६७,८५६।००	**बाँकी मौज्दात**	**११९५०६८४५।४२**
	लागत सहभागिता	१३,६५२,४२३।६७		
	भाषा आयोग	१३८,१२५।००		
	विभाज्य कोष	१,२००,०००।००		
	अल्या	७७,५८१,५७१।२०		
	कोष तर्फको आम्दानी	११,५००,०००।००		
	कुल जम्मा	**७१७,५२१,२८९।१२**	**कुल जम्मा**	**७१७५२१२८९।१२**

दफा नं.	**लेखापरीक्षणबाट देखिएको व्यहोरा**	**रकम**
१	**सेवा प्रवाह** :- कुल ४७ दरवन्दी रहेको यस कार्यालयले करारको २९ समेत ३९ जना कर्मचारी बाट ३२१५४ जनसंख्यालाई सेवा प्रवाह गरेको छ । २०७५।०३।२६ मा पारित विनियोजन ऐन अनुसार रु.६०,६८,४२,५५०।- को बजेट पारीत भएकोमा रु. ५६,७३,८१,९७२।८७ खर्च गरेको छ । रु.२२९६०९८०।१८ आन्तरिक राजस्व आम्दानी गरेको यस कार्यालयले नागरीकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणीत र व्यक्तिगत घटना दर्ता को यथार्थ तथ्याङ्क नराखेकोले सेवा प्रबाह भएको छ, छैन एकिन हुन सकेन ।	
१.२	उपरोक्त आयव्यय विवरणमा आम्दानी महलमा देखाएको भाषा आयोगबाट प्राप्त रकम रु. १,३८,१२५।- मध्ये रु ३४,५३१।२५ लोहोरुङ राई समाजलाई पेश्की दिएको रकम को फाँटवारी पेश नभएको रु....	३४५३१।२५
१.३	लागत सहभागिता आ.वि. अनुसार रु १,३६,५२,४२३।६७ र योजना शाखाको फरफारक विवरण अनुसार रु १,३०,१२,९२३।०० देखाई रु ६,३९,५००।६७ फरक देखिएको सम्वन्धमा कारण स्पष्ट हुनुपर्ने रु...	६३९५००।००
	कोषको लेखा परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :	

<table>
<tr><td>२</td><td>आर्थिक कारोवार: खाँदबारी नगरपालिकाले आर्थिक बर्ष २०७५।०७६ को खर्च बिबरण अनुसार कूल आय रु.७१,७५,२१,२८९।१२ र कूल व्यय रु.५७,५२,३०,७३१।६६ भई आगामी बर्षलाई रु.१४,२२,९०,५५७४६ जिम्मेवारी सारेको आर्थिक बिबरण प्रस्तुत भएको छ । खर्च रकममा संघीय तथा प्रदेश खातामा फिर्ता भएको रु २,२७,८३,७१२।०४ समावेश छैन । फिर्ता रकम घटाउँदा आगामी वर्षको लागि रु ११,९५,०६,८४५।४२ मौज्दात रहेको छ ।</td><td></td></tr>
<tr><td>२.१</td><td>प्रमाण: प्रदेश सरकार तर्फको अनुदान फिर्ता भनेको रु ५,३५,२४९।- र सशर्त पूजिगत तर्फ फिर्ता रु ५६,३९,६६७- समेत प्रदेश सरकारलाई फिर्ता गरेको भनिएको रकमको प्रमाण पेश नभएको रु ....</td><td>६१७४९१६।०</td></tr>
<tr><td>२.२</td><td>यस नगरपालिकामा लेखापरीक्षणार्थ प्रस्तुत भएका ९ वटा बैङ्क खाताहरु सबै चल्ती खाता भएको र राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको पाईयो । खाँदबारी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को आय व्यय बिबरण अनुसार सुरु मौज्दात रु.६,६५,७३,२०६।५१ र आर्थिक बर्षको अन्तमा संचित खातामा रु. ८,१२,६४,१४०।९२ मौज्दात रहेको पाईयो । यसो हुदा बर्षैभरी रु.६,६५,७३,२०६।५१ मौज्दात रहिरहेको देखियो । चल्ति खातामा व्याज प्राप्त नहुने हुंदा आम्दानी खर्चको प्रबाहलाई ध्यान दिएर कल करेन्ट एकाउन्ट, बचत खाता, निश्चित अबधिको मुद्दती खाता खोलेर व्याज आम्दानी गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२.३</td><td>खाँदबारी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को आयव्यय बिबरण र सन्चित कोषको बैङ्क नगदी किताबमा निम्नानुसार फरक परेको देखिएको छ । सो संबन्धमा संन्चित कोष / आय व्यय बिबरणको हिसाब एउटै खाता भएकोले एउटै हुनु पर्नेमा निम्नानुसार फरक परेको संबन्धमा रिकन्साईल गरेको पाईएन ।
<table>
<tr><th>बिबरण</th><th>आय व्यय बिबरण अनुसार</th><th>सन्चित कोषको बैङ्क नगदी किताब अनुसार</th><th>(फरक)</th></tr>
<tr><td>गत बर्षको मौज्दात जिम्मेवारी</td><td>६,६५,७३,२०६.५१</td><td>६,६५,७३,२०६.५१</td><td>०</td></tr>
<tr><td>कूल आम्दानी</td><td>६९,२१,१०,७९३.७७</td><td>७०,२३,५४,५८०.००</td><td>७६४७८.३४</td></tr>
<tr><td>कूल खर्च</td><td>५९,८०,१४,४४३.७</td><td>६०००००५६०.९३</td><td>१९८६११७.२३</td></tr>
<tr><td>अन्तिम मौज्दात</td><td>१०,११,८२,७९९.५</td><td>१०२३५४०१९.०७</td><td>११७१२१९.५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.४</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(१) मा गाउंपालिका तथा नगरपालिकाले प्रत्येक बर्षको साउन १ गते देखि आगामी बर्षको असार मसान्त सम्मको अबधिलाई आर्थिक बर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्ने व्यहोरा उल्लेख छ । यस बर्षको कारोबारलाई यसै बर्षको श्रेस्तामा देखाउदा श्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात फरक परेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राख्नु पर्नेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राखेको छ । तर संचित कोष खाता र पूँजिगत खर्च खाताको कच्चावारी पेश हुन नआएकोले खर्च रकम एकिन हुन सकेन । त्यस्तै अर्को आर्थिक बर्षको कारोबारलाई पनि यसै आर्थिक बर्षको कारोबार मानेर लेखाङ्कन गरेको समेत देखियो । तर गोश्वारा भौचर साथ आबश्यक प्रमाणको आधारमा सुरु र अन्तिम मौज्दातको गोश्वारा भौचर तयार गरेको पाईएन । त्यस्तै पूँजिगत खातातर्फ भौचर तथा फाँटवारी वेगर वैंक नगदी कितावमा पेश्की फछ्र्यौट भनी अंक चढाएको छ । जस्तै गो.भौ.नं. ४५७ मा रु. २६,९३,५००।-, ४५९ मा रु. २३,१०,५००।- तथा ४६१ मा रु ४३,२०,०००।- को फाँटवारी तथा कागजात सम्लग्न छैन ।
त्यस्तै पूँजिगत खाताबाट संचित कोष फिर्ता भनी भौ.नं. ४५८ बाट रु. ३०,९२,२६०।३७ वैंक केडिट गरेको रकम संचित कोष खातामा आम्दानी भएको देखिदैन ।
लेखा परीक्षण अवधी ०७६।५।१० देखी १४ सम्म रहेको थियो । भाद्र १० गते लेखा परिक्षण सुरु गर्दा पेश भएको पूँजीगत खाता तर्फको वैक नगदी किताव र भाद्र १४ गते पेश हुन आएको वैंक नगदी कितावको खर्च तथा पेश्की रकम फरक फरक रहेको पाईयो । अत: वास्तविक खर्च एकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>२.५</td><td>संचित कोष (खाता नंबर २०८०३०४०१८१०२) : यस बर्ष संन्चित कोषको बैङ्क नगदी किताब अनुसार गत बर्षको मौज्दात जिम्मेवारी ६,६५,७३,२०६।५१ समेत कूल आम्दानि रु.६९,२१,१०,७९३।७७ मध्ये कूल खर्च रु.५९,८०,१४,४४३।७० भई रु. १०,११,८२,७९९।५७ मौज्दात रहेको देखिन्छ । केन्द्रीय आर्थिक बिबरण संग संचित कोषको आम्दानी खर्च मात्र भिडान गर्न सकिने गरी रिकन्सीलिएसन बिबरण तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२.६</td><td>संचित कोष खातामा वैंक विवरण अनुसार रु ८,१२,६४,१४०।९२ बाँकी देखिन्छ । श्रेस्ता अनुसार रु १०,११,८२,७९९।५७ बाँकी रहेको देखिएकोले वैंक घटी भएको रकम रु १,९९,१८,६५८।६५ को सम्बन्धमा कारण सहित वैंक रिकन्साईल सहितको विवरण पेश हुनुपर्ने रु .</td><td>१९९१८६५८।६५</td></tr>
<tr><td>२.७</td><td>पूँजिगत खर्च खातामा वैंक स्टेटमेन्ट अनूसार रु ७३१८९८५।३७ देखिन्छ । श्रेस्ता अनुसार सुन्य मौज्दात देखिएको</td><td></td></tr>
</table>

	सम्बन्धमा वैंक रिकन्साईल गरी विवरण पेश हुनुपर्ने रु.	७३१८९८५।३६
२.८	संन्चित कोषको बैङ्क नगदी किताब र २०७५।४।१ को संन्चित कोषको बैङ्क स्टेटमेन्ट अनुसार गत बर्षको मौज्दात जिम्मेवारी ६,६५,७३,२०६।५० देखिन्छ । आ.ब. २०७४।०७५ को आ.बि. को अन्तिम मौज्दात आ.ब. २०७५।०७६ को सुरु मौज्दात संग भिडान गर्न गत बर्षको आर्थिक बिबरण लेखा परिक्षणार्थ पेश भए अनुसार खांदबारी नगरपालिकाको आ.ब. २०७५।०७६ को आय व्यय बिबरणमा सन्चित कोषको मौज्दात जिम्मेवारी रु.१०,११,८२,७९९।५८ उल्लेख भएबाट बढ्न गएको जिम्मेवारी संबन्धमा हिसाब रिकन्साईल गरी बास्तबिक जिम्मेवारी अङ्क एकिन हुनु पर्ने देखियो ।	
२.९	संन्चित कोषको बैङ्क नगदी किताबको आम्दानि खर्च बिबरण बैङ्क स्टेटमेन्टको आधारमा तयार गरेको लेखापरिक्षणको क्रममा मौखिक जानकारी हुन आयो ।	
२.१०	सन्चित कोषको बैङ्क नगदी किताबको डेबिट महलमा देखाएका अर्थात आम्दानीका प्रत्येक रकमहरु र बैङ्क स्टेटमेन्टमा मितिगत रुपमा देखाएको केडिट महलका आम्दानिका महलहरु संग सोभै भिडान हुने गरी र के के गर्दा भिडान हुन्छ छुट्टीने गरी अभिलेख राखेको पाईएन ।	
२.११	सन्चित कोषको बैङ्क नगदी किताबमा गोश्वारा भौचर नंबर १४३ नंबर सम्मको प्रविस्टि भएकोमा केडिट महलमा रु ६०,००,००,५६०।९३ भएको र डेबिट महलमा कूल रु. ७०,२३,५४,५८०।०० को कारोबार भई रु. १०,११,८२,७९९।५७ मौज्दात देखाएकोमा वैंक स्टेटमेन्टमा ८,१२,६४,१४०।९२ देखाएबाट फरक रु. १,९९,१८,६५८।६५ को बैंक रिकन्साईल तयार नगरेकोले मौज्दात एकिन हुन सकेन ।	
२.१२	उक्त कारोबारका अभिलेख खाताहरु जिम्मेबार कर्मचारी एबं कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन ।	
३	**आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले निम्नानुसार कार्यहरु गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गराउदै लानु पर्ने देखिन्छ ।	
३.१	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था भएकोमा ०७५।०३।२६ मा बजेट पास भएको अवस्थामा नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई ०७५।०४।१६ मा मात्र वजेट खर्च गर्ने अख्तियारी दिएको छ ।	
३.२	यस नगरपालिकाले, खाँदबारी नगरकार्यपालिकाको कार्यसम्पादन नियमाबलि २०७४, खाँदबारी नगरपालिकाको बैठक सन्चालन कार्यबिधि, २०७४ जस्ता कार्यबिधि कानूनहरु बनाएपनि खाँदबारी नगरपालिकाको आर्थिक कार्यबिधी सम्बन्धी, सार्बजनिक खरीद सम्बन्धी, बिभिन्न कोष सन्चालन सम्बन्धी कानून तथा कार्यबिधीहरु बनाएको पाईएन । यस्ता नियम, कानून, कार्यबिधी बनाई यस नगरपालिकाको सम्पूर्ण कृयाकलापहरु सन्चालन हुनु पर्ने देखियो ।	
३.३	नगरसभाबाट स्वीकृत बार्षिक कार्यक्रमको आम्दानी खर्चका प्रत्येक शिर्षकगत र बिचमा कुनै शिर्षक थप भए सो समेतको बजेट, आम्दानि, खर्च, देखिने गरी कार्यक्रमगत आम्दानि खर्च खाता तयार गरी श्रेस्ताको शिर्षकगत आम्दानि खर्च संग भिडान हुने गरी अध्याबधिक गराई राख्नु पर्नेमा राखेको पाईएन ।	
३.४	यस नगरपालिकाले आर्थिक बर्ष २०७५।०७६ को बार्षिक प्रगती प्रतिबेदन पुस्तीका तयार गरेको पाईएन ।	
३.५	यस नगरपालिकाले आर्थिक बर्ष २०७५।०७६ को बार्षिक प्रतिबेदन पुस्तीका तयार गरेको पाईएन । नगरपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणलि सूदृढ गर्न कार्य योजना बनाई लागु गर्नु पर्नेमा कार्य योजना बनाइ लागु गरेको पाईएन । त्यस्तै आन्तरीक लेखापरीक्षण गराएको पाईएतापनि आन्तरिक लेखापरिक्षण बाट देखिएका व्यहोरा फछ्र्यौट गरी आन्तरिक नियन्त्रण प्रणलिलाई सूदृढ गराएको समेत देखिएन ।	
३.६	स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७२(१) मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक बर्षको साउन १ गते देखि आगामि बर्षको असार मसान्त सम्मको अबधिलाई आर्थिक बर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्ने व्यहोरा उल्लेख छ । यस बर्षको कारोबारलाई यसै बर्षको श्रेस्तामा देखाउदा श्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात फरक परेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राख्नु पर्नेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राखेको पाईएन ।	

३.७	नगरपालिकाले बार्षिक खरीद योजना बनाई सो को आधारमा खरीद गर्नु पर्नेमा बार्षिक खरिद योजना नै तयार गरेको पाईएन । साथै खरिद समिति निर्माण गनुपर्ने सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था को समेत परिपालनाको अभाव देखियो ।	
३.८	यस नगरपालिकाले एकिकृत आर्थिक बिबरण तयार नगरेको अवस्थामा आय र व्ययको यथार्थता हासिल गर्न असहज भएको छ । समयमा लेखा सम्बन्धी सम्पूर्ण कागजात बनाउन जिम्मेवार कर्मचारीको ध्यान जानु आवश्यक छ ।	
३.९	**कन्टेन्जेन्सी** : सार्बजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यबस्थित गर्ने निर्देशिका २०७४ मिति २०७४ श्राबण १ गतेबाट लागु भएको छ । प्रत्येक लागत अनुमान बमोजिमको निमार्ण काममा भुक्तानिको ३ प्रतिशत कन्टिन्जेन्सि कट्टा गरेर भुक्तानि गर्ने गरेकोमा निर्माण खर्चको योजनागत कन्टिन्जेनसी अभिलेख रजिष्टर खडा गरी राख्नु पर्नेमा सवै योजनाबाट कट्टा गरेको छैन । वार्षिक बजेट विनियोजन गर्दा कन्टीजेन्सी खर्च वापत रु १८ लाख विनियोजन गरेको मध्ये ८ पटकमा रु ११,८०,६०९।- खर्च गरेको छ । कूल २६१ योजनाको लागि रु १८ करोड ७१ लाख लागत अनुमान तयार गरी कार्यालयको तर्फबाट १३ करोड ४४ लाख उपभोक्तालाई भुक्तानी गरेको छ । कन्टिजेन्सी खर्चमध्ये पूजिगत प्रकृतिमा खर्च गरेको छैन । कन्टिन्जेन्सी अभिलेख रजिष्टर राखेको पाईएन । कन्टिन्जेन्सी कट्टा गरी राखेको रकमको छुट्टै अभिलेख नभएको कारण कन्टिन्जेन्सी रकम हाल सम्म कति कट्टा भयो, यो मध्ये कति उपयोगमा आयो र बाँकीको अबस्था समेत स्पस्ट हुन आएन । यस्तो रकम मूल खातामा रहने भएकोले आगामी बर्षको कार्यक्रम तर्जुमा गर्दा बजेटमा समाबेस भई खर्च हुने अबस्था रहेको देखियो । तसर्थ कन्टिन्जेन्सी अभिलेख रजिष्टर अध्याबधिक गराई सो बाट गरिनु पर्ने काममा खर्च गरिनु पर्ने देखियो ।	
३.१०	**भुक्तानीको छाप:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम खर्च भौचरमा सम्लग्न कागजातको सिलसिलेवार नम्बर राखी भुक्तानी भएको जनाउने छाप लगाई राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखि अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छापलगाई राखेको छैन ।	
३.११	**लक्ष्य प्रगती :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गांउपालिका तथा नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अबधि समाप्त भएको १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने व्यबस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम २५ मा अनुसूची २ को ढाँचामा चौमासिक प्रगती तयार गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त बमोजिमको नगरपालिकाले आर्थिक बर्ष २०७५।०७६ को बार्षिक प्रगति बिबरण र बार्षिक योजनागत प्रगति बिबरण तयार गरेको छैन ।	
३.१२	**कार्य योजना :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २४(१) मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने व्यहोरा उल्लेख भएकोमा यस्तो रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दीर्घकालीन विकास योजना बनाई लागु गरेको छैन ।	
३.१३	**शिक्षक अभिलेख :** बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख रजिस्टर लेखापरीक्षणार्थ प्रस्तुत नभएकोले शिक्षहहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन । शिक्षकको पारित तलबी प्रतिवेदन प्रस्तुत हुन आएन ।	
३.१४	**लग बुक र अन्य अभिलेख :** यस नगरपालिकामा ब्लाक हो लोडरको आ. ब. २०७५।०७६ मा लगबुक राखेको पाईएन । त्यस्तै मर्मत सम्बन्धी अभिलेख र भ्रमण अभिलेख खाता पनि राखेको पाईएन । तसर्थ राख्नु पर्ने खाता राखेर अध्याबधिक समेत गराई राख्नु पर्ने देखियो ।	
३.१५	**आर्थिक प्रतिबेदन :** यस नगरपालिकाले बिद्युतीय लेखा राखेको पाईएन । त्यस्तै, आर्थिक बर्ष २०७५।०७६ को आर्थिक कारोबारको बार्षिक प्रतिबेदन, जस्ता प्रतिबेदनहरु तयार गरेको पाईएन ।	
३.१६	**कार्य विवरण :** निजामती सेवा ऐन २०४९को दफा ५क(१) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा सम्बन्धित कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्नेछ । त्यस्तो कार्य विवरणमा त्यस्तो पदको काम, कर्तव्य उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले ऐनले तोके बमोजिमको कार्य विवरण बनाइ लागू गरेको पाइएन । तसर्थ नगरपालिकाले कार्यविवरण तयार गरी कर्मचारीको जिम्मेवारी र अधिकार किटान गरी ऐनको	

परिपालना गर्नु पर्ने देखिन्छ ।

३.१७ **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नु पर्ने व्यवस्था भएकोमा पालिकाले उल्लेखित अवधिभित्र ठेक्का पट्टाको खरीद कार्य सम्पन्न गर्न सकेको पाइएन । पालिकाबाट यस वर्ष रु २ करोड ७२ लाख ९५ हजारको सम्झौता रकम रहेका ९ वटा ठेक्का सम्झौता भएकोमा ९ वटै ठेक्का सम्झौता तेस्रो चौमासिकमा ठेक्का व्यवस्था गरेको पाइयो । पुरै ठेक्का तेस्रो चौमासिकमा व्यवस्था भएकोले यस्तो अवस्थामा कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमानुसार प्रथम चौमासिक अवधिमै लागत अनुमान तथा ठेक्का, पट्टा सम्झौता गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

३.१८ **बोलपत्रमा सहभागिता र लागत कवोल अंक :-** लेखापरीक्षणको लागि पेश भएको बोलपत्रमा सहभागिता र लागत कवोल अंकको विवरणमा यस वर्ष कार्यालयबाट ९ वटा बोलपत्र आह्वान भएकोमा १२३ बोलपत्र विक्री भई ४७ वटा बोलपत्र दाखिला भएको पाइयो । ठेक्काको लागत अनुमान २ करोड ७२ लाख ९५ हजार रहेकोमा रु १ करोड ७३ लाख २३ हजारको ठेक्का स्वीकृत भएको छ ।

कार्यक्रमको नाम	बोल पत्र बिक्री	दखिला संख्या	लागत अनुमान - रु. हजारमा	स्वीकृत रकम रु. हजारमा	घटी प्रतिशत
एच.डि.पि. पाईप खरिद तथा ढुवानी कार्य	१९	४	१७६९	१७३५	१.९२
ग्याविन जाली तार खरिद बुनाई तथा ढुवानी	१६	५	८८४	६६२	२५.११
चिसापानी माल्टा लेलुवा सम्म मोटरबाटो स्तरोन्नती,	२२	९	१७६९	११७१	३३.८०
रासन सिदा खरिद	५	३	१९९७	१९८८	०.४५
स्थानीय शनिवारे हाट, खा.न.पा. १ टुँडिखेल पिच कार्य	१०	९	१२६०९	६६४८	४७.२८
सौर्य सडक वत्ति जडान कार्य	१३	७	२९५५	०	०
औषधी तथा सर्जिकल सामान खरिद	१८	४	२६५९	२४७२	०.३४
सभाहल निर्माण कार्य	१६	३	१७६९	१७६३	०
ए.वि.सि. केबल तार खरिद कार्य	४	३	८८४	८८४	०
जम्मा	**१२३**	**४७**	**२७२९५**	**१७३२३**	

३.१९ **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुजिगत शिर्षकमा कुल रु १७,७८,३६,९५३। खर्च मध्ये प्रथम चौमासिकमा रु. ८०,२६,९८१।- (४५१ प्रतिशत), दोश्रो चौमासिकमा रु ५,४६,४६,३२५।- (३०.७२ प्रतिशत) र तेश्रो चौमासिकमा १०,७१,३६,६६६। (६०.२४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ४,६९,६८,६०६ (२६.४१) प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

३.२० यस डोर मूकामको च.नं. १० मिति ०७६।५।११ को पत्रबाट माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो वारेमा विश्लेषण गर्न सकिएन ।

फाराम ४ कोष सम्बन्धी विवरण

फाराम १४ स्रोत उपभोग र उपलब्धीको विवरण

फाराम १५ सेवा प्रबाह सम्बन्धी विवरण

फाराम १६ घर नक्सापास र निर्माण सम्पन्न सम्बन्धी विवरण

फाराम १८ थप सुविधाको विवरण

फाराम १९ सशर्त अनुदान तर्फ रकम फ्रिजको विवरण

फाराम २० दरबन्दी र पदपूर्तिको विवरण

फाराम २१ जिल्ला समन्वय समितिको अधुरा योजना स्थानीय तहमा हस्तान्तरणको विवरण

फाराम २२ आन्तरिक आम्दानी तर्फ मू.अ.कर असूली स्थिति

फाराम २३ कर, दस्तुर, सेवा शुल्क र भाडाको ठेक्का सम्बन्धी विवरण

	फाराम २४ असूल गर्न बाँकी आय फाराम २५ पेश्कीको एकिकृत विवरण	
४	**भुक्तानी दिन बांकिको बिबरण :** योजना सँग सम्बन्धित बिभिन तथ्याङ्कहरु आर्थिक बर्षगत रुपमा देखिने गरी योजनागत अभिलेख रजिष्टिर खडा गरी राखेको छैन । यसो हुदा यस नगरपालिकामा हाल सम्म के कस्ता कति योजना कुन आर्थिक बर्षमा कति बिनियोजित र संसोधित भए, कति योजना अपुरो अबस्थामा नै रहिरहेका छन्, कति योजना सम्पन्न भए, कति योजनाको भुक्तानी दिन बांकी छ वा छैन, जनश्रमदान, लागत सहभागिताको अनुपात/अबस्था कस्तो छ, कुन योजनामा कति खर्च भएको छ, कति कति कर धरौटी कटाई कति भुक्तानि भयो, सम्फौता भन्दा बढी भुक्तानी हुन गएको छ छैन, समय भित्र काम सकिएको छ छैन र आगामी बजेट तर्जुमा गर्दा कुन ठाउमा कस्तो योजनालाई प्राथमिकता दिनेभनि निर्णय गर्न आबश्यक पर्ने तथ्याङ्क जस्ता बिभिन्न तथ्याङ्क हेर्न सक्ने अबस्था रहेको पाईएन । यस प्रकारको तथ्याङ्कको अभिलेखाङ्कन अबस्थाले गर्दा योजनागत एकमुस्ट प्रगति एकिन गर्नसक्ने आधार भएन । बार्षिक नगर बिकास योजना (नीति कार्यक्रम तथा बजेट) २०७५।०७६ पुस्तिकामा मा उल्लेखित २०७५।३।३१ सम्मको ३ योजनाको भुक्तानी दिन बांकि रकम रु.५४,४५,२०३।५२ उल्लेख गरेकोमा के कुन योजनालाई भुक्तानी भयो अभिलेख राखेको छैन । योजनाहरु योजना यतिनै थियो, यति नै भुक्तानी दिन बांकि रहेको र यति वटाको भुक्तानी भई अब भुक्तानी दिन बांकि छ छैन भनि भिडान गर्ने आधार भएन ।	
५	**सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस्तो सार्बजनिक सुनुवाई गर्ने कार्यको थालनी हुनु पर्ने देखियो ।	
६	**अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ को दफा ३३(२) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्र सन्चालित बिभिन्न कार्यक्रमहरु वा आयोजनाहरुको समग्र अनुगमन गर्न नगर उपप्रपुख वा नगर उपप्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा नगर सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी सो समितिले सन्चालित कायक्रम, आयोजना, सामाजिक सुरक्षा भत्ता बितरण, बाल संरक्षण अनुदान र व्यत्तिगत घटना दर्ता कार्यक्रम लगायत नगरपालिकाका समग्र कार्यक्रमहरुको अनुगमन गर्नु पर्न व्यबस्था भएकोमा यो बर्ष बिशेषत : सडक आयोजनाहरु बाहेक अन्यमा यस्तो अनुगमन गरेको पाईएन । त्यस्तै नगरपालिकाका बडाहरुमा भएका जिन्सि सामानहरु ठिक दुरुस्त भए नभएको संबन्धमा नगरपालिकाबाट अनुगमन निरीक्षण हुने गरेको पाईएन । बार्षीक कार्य तालिका बनाई अनुगमन गर्नु पर्ने देखियो । बडाको निरीक्षण भई जिन्सी सुनिश्चित हुने गर्नु पर्ने समेत देखियो ।	
७	**मूल्य अभिबृद्धि करको जानकारी नदिएको :** प्रत्येक मूल्य अभिबृद्धि कर भुक्तानिको जानकारी संबन्धित आन्तरिक राजश्ब कार्यालयलाई पठाउनु पर्ने व्यबस्था रहेको छ । यस नगरपालिकाले बर्षभरिमा भुक्तानी गरेको सम्पूर्ण मूल्य अभिबृद्धि करको कर बिजक अनुसारको जानकारी संबँन्धित आन्तरिक राजश्ब कार्यालयलाई दिनु पर्नेमा केहिको मात्र जानकारी दिएकोले छुट भए बमोजिमको बिजकको जानकारी दिनु पर्ने देखियो ।	
८	**आन्तरिक ऋण:** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरँपालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजिगत कार्यकालागि आन्तरिक ऋण लिनसक्ने व्यवस्था छ । तर नगरपालीकाले यो वर्ष सो अनुसार ऋण लिएको छैन ।	
९	**आन्तरिक आम्दानी:** यसवर्ष ३० शिर्षकमा रु १,६०,५१,५५०।- आम्दानी गर्ने अनुमान गरेकोमा रु २,२९,६०,९७९।८८ आम्दानी भएको देखाएतापनी घर जग्गा रजिष्टेशन शूल्क सहित १० शिर्षकमा रु १६ लाख ३५ हजार आम्दानी हुने अनुमान गरेकोमा शून्य आम्दानी गरेको छ । आम्दानी हुन सक्ने र अनुमान गरिएका पार्किङ शूल्क, कवाडी कर, विरौटी कर, मनोरञ्जन कर जस्ता विषयमा कर लगाई आम्दानी गर्नुपर्नेमा सो गरेको छैन । साथै उक्त आम्दानीको लेखा परिक्षणका लागि श्रेस्ता पेश गरेको छैन ।	
९.१	**जेसिवि प्रयोग:** जेसिवि र एम्बुलेन्स प्रयोगको कार्यविधी बनाएर आम्दानी बाध्नुपर्ने व्यवस्थालाई वेवास्ता गरीएको पाईयो । यस वर्ष जेसिवी र एम्बुलेन्स प्रयोग भएको भनिएतापनी आम्दानी शून्य देखाएको छ । यसर्थ जेसिवी र एम्बुलेन्स सन्चालनको निश्चित कार्यविधी निर्माण गरी आर्थिक नियन्त्रण प्रणालीको प्रभावकारिता मार्फत आन्तरिक आयमा बढावा दिनुपर्ने देखिन्छ । साथै यो वर्ष जेसिवि र एम्बुलेन्स प्रयोग गर्दा उठेको रकम छानविनबाट एकिन गरी असुल दाखिला गरिनु पर्दछ ।	
१०	**प्रशासनिक खर्च :** मिति २०७५।४।२४ मा बसेको नगरसभाको निर्णयबाट आ. ब. २०७५।०७६ को बजेट ६० करोड ८६ लाख पास गरेको मध्ये पूंजीगत खर्च रु. २१ करोड ४५ लाख र चालु खर्च ३९ करोड ४१ लाख	

	अर्थात् कूल बजेटको ६४.७५ प्रतिशत चालु खर्चको लागी छुट्याएको पाईयो । लागत सहभागिताको रकम बाहेक नगरपालिकाले आ.ब. २०७५।०७६ मा कूल रु २,२९,६०,९८०।१८ आन्तरीक आय आर्जन गरेको छ । आन्तरीक आय कुन आधार भित्र रहेर प्रशासनिक खर्च गर्न पाउने जस्ता काईटेरिया तय नगरीकन नै आन्तरिक आयको रकम खर्च हुने गरेको पाईयो । त्यस्तै पूँजिगत खर्च र चालु खर्च कुनवाट के कस्तो खर्च गर्न सकिने हो आधार तय गरेर मात्र चालु र पूंजीगत खर्च गर्ने गर्नु पर्ने देखियो ।	
११	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ यस नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
१२	**कार्यक्रमगत खाता :** वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यक्रम सञ्चालन गर्दा विभिन्न श्रोतबाट विनियोजित बजेट, निकासा एवं खर्चको स्थिति स्पष्ट हुने गरी प्रत्येक कार्यक्रम, कामको कार्यक्रमगत खाता, योजनागत खाता राख्नु पर्छ । जसले गर्दा खर्च स्वीकृत कार्यक्रम अनुसार भए नभएको र योजनागत खर्च स्पष्ट हुन्छ । कार्यालयबाट सञ्चालित प्रत्येक कार्यक्रमहरुको स्रोत छुट्टीने गरी कार्यक्रमगत खाता राखेको पाइएन जसले गर्दा कुन कार्यक्रम / काममा कति खर्च भयो भन्ने यकिन गर्न सकिएन । कार्यालयले स्विकृत कार्यक्रम अनुरुप कार्यक्रमगत खाता राख्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।	
१४	**राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले यस नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । प्राप्त बिबरण अनुसार आ.व. ०७५।०७६ मा यस नगरपालिकाको आन्तरिक राजश्व रु. २,२९,६०,९१८।८० आम्दानी देखाएको छ । त्यस्तो आयबाट के कुन काममा कति खर्च भयो छुट्टीने अभिलेख रजिस्टर नरहेकोले आन्तरिक आयबाट भएको खर्च र संघीय अनुदानको रकमबाट भएको खर्च नछुट्टीएबाट खर्च प्रकृति विश्लेषण गर्ने आधार भएन ।	
१५	**जिन्सी व्यबस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मुताविक खर्च नहुने जिन्सी खातामा क्मप्युटर, स्क्यानर, फ्रिज आदि मालसामानको विवरण (पुरा स्पेसिफिकेशन) खुलाउनु पर्ने देखियो । खर्च नहुने जिन्सी खाता पनि पुरानो ढांचाको भएकोले नयां ढांचा बमोजिमको बिबरणहरु खुल्ने गरी प्रयोग गर्नु पर्ने देखियो । यस नगरपालिकाको खर्च नहुने जिन्सी खाता र अर्को बिषयगत खाता उल्लेख गरी यसमा बाहिरबाट आएका कार्यालयहरुको खप्ने जिन्सी सामानको लागि यस नगरपालिकाको एउटै खर्च नहुने जिन्सी खाता तयार गरी राखिएमा जिन्सी अभिलेख एकत्रीत हुन जाने देखिन्छ । त्यस्तै नियम ५०(३) मुताविक जिन्सी निरीक्षण पश्चात आर्थिक वर्ष २०७५।०७६ को जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भएका मर्मत गर्नुपर्ने चियर, कम्प्युटर, प्रिन्टर आदि र मर्मत हुन नसक्ने चियर, मोबाईल आदिलाई मिनाहा मर्मत जे गर्नु पर्ने हो सो गरी एवं जिन्सी संकेत न. उल्लेख नभएका जति फर्निचर कंप्युटर आदि जिन्सी सामानमा जिन्सि संकेत नम्बर उल्लेख गरी जिन्सीको अवस्था अध्यावधिक गराइ राख्नु पर्ने देखियो ।	
१६	**कम लागतका आयोजना :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि २०६९ को बुदा नंबर ११(२) मा नगरपालिकाले आर्थिक, सामाजिक, एवं भौतिक पूर्बाधार बिकास अन्तर्गत बिनियोजन भएको पूँजीगत बजेटबाट ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यबस्था छ । नगरपालिकाले यो बर्ष पूंजीगत शीर्षकबाट सार्वजनिक निर्माण तर्फ छुट्याएको कुल रकम रु. ११ करोड ९८ लाख १६ हजार मध्ये १ लाख वा सो भन्दा कम बजेटका ११ वटा समेत निर्माण/मर्मत कार्यहरुको बजेट छुट्याएको पाईयो । उक्त कार्यबिधिको पालना हुनु पर्ने तर्फ सम्बन्धितको ध्यान जानु पर्ने देखियो ।	
१७	**संपत्ति बिबरण :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११०(१) र (२)मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिन भित्र आफ्नो र आफ्नो परिबारको सदस्यको नाममा रहेको	

	चल, अचल सपंत्तिको, स्रोत वा निस्सा सहितको अध्याबधिक बिबरण स्थानिय तहमा पेश गर्नु पर्ने र पेश भएपछि अभिलेख राखि तिस दिन भित्र प्रदेश सरकार समक्ष पठाउनु पर्ने व्यबस्था भएकोमा पठाएको पाईएन ।	
१८	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पूल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन तयार गर्नु पर्नेमा यस्तो अभिलेख तथा श्रोत नक्साङ्कन तयार गरेको नपाईएकोले तयार गर्नुपर्दछ ।	
१९	**आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्न सकिने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा नराखेका कारण आय व्यय बिबरण तयार नगरी खर्चको विवरण मात्र तयार गरेको छ । यसरी तयार गरिएका खर्चको विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।	
२०	**उपभोक्ता समिति :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । नियमावली अनुसार उल्लेखित कार्यहरु गर्नुपर्दछ ।	
२१	**हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लामग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी बाटो निर्माण र मर्मत गर्ने उपभोक्ता समितिहरुले विभिन्न निर्माण व्यवसायहरु सँग एक्साभेटर, लोडर, डोजर, ब्रेकर, बकेट भाडामा लिई निर्माण/मर्मत गरेको छ कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको भाडाको विल पेश गरेका छन् । भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धित आन्तरिक राजश्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको (चैत्र र जेठ नहेरिएको) आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर र डोजर प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको रकम अनियमित भएको रु.	४०९९५४२.००

गो.भौ.नं. र मिति	योजनाको नाम	स्काभेटर, डोजर भाडामा दिने आपुर्तक	विजक नं. र मिति	भाडा बापत भुक्तानी रकम	भुक्तानी भएको रकम
२१२।०७६।१।३	हेमराज डाँडाबाट अग्राखे खेत सम्म ट्राक खोल्ने उ.स.	प्रभात कन्ट्रक्सन	२०/९/२६	३५६१७५.००	२५००००.००
२१३।०७६।१।४	कप्तान गाउँ बन्द्रेसम्म मो.वा. उ.स.	अरुण बरुण निर्माण सेवा	१७/२/१	९८३१०.००	१०००००.००
२२२।०७६।१।९	डाँडा भेगि सिकारी डाँडा बाटो उ.स.	अरुण बरुण निर्माण सेवा	१५/१२/१०	९८३१०.००	१०००००.००
२२२।०७६।१।९	बाह्य खोपकेन्द्र व्यवस्थापन अर्चले उ.स.	भोटखोला कन्ट्रक्सन	५१/११/७	८४७५०.००	२०००००.००
२२७।०७६।१।११	खाईसुङ मालिङटार मो.वा उ.स.	अरुण बरुण निर्माण सेवा	२५/१२/२९	४२०३६०.००	४९९५४२.००
२२७।०७६।१।११	खाईसुङ मालिङटार मो.वा उ.स.	अरुण बरुण निर्माण सेवा	२६/११/२९	६२१५०.००	
२२७।०७६।१।११	नरकटे चेवाखोला मो.वा नि. उ.स.	नुमा पारुहाङ कन्ट्रक्सन एण्ड सप्लायर्स	१४/१२/२८	२७१२००.००	२००००.००

३३१।०७६।१।१२	भेडेटार दारेगौडा मो.वा. नि. उ.स.	सूर्यकाली कन्ट्रक्सन	५८/१/८	४३५०५०.००	३०००००.००
२३२।०७६।१।१२	भेडिडाँडा जनचाहना प्रा.लि. मो.वा उ.स.	रुट सर्भिसेज प्रा.लि.	१/१२/१८	२३८०००.००	१००००००.००
२६५।०७६।१।२६	वनपाले सुनखानी मो.वा नि.उ.स.	अरुण बरुण निर्माण सेवा	१४/११/२८	१४९१६०.००	१५००००.००
२७०।०७६।१।३१	बसपार्क-ससस्त्र बेसक्याम्प मो.वा. उ.स.	विपी निर्माण सेवा	१५/१/१५	१०५६५५.००	१०००००.००
२७०।०७६।१।३१	ढुंङ्गेधारा फडिन्द्रको घर मो.वा. नि.उ.स.	विपी निर्माण सेवा	८/१२/१४	४७४६०.००	१००००००.००
४२२।०७६।३।२५	धनबहादुरको खेत पाङ्माखोला मो.वा.उ.स.	इसा कन्ट्रक्सन	१३/३/२१	२६८९४०.००	२०००००.००
			जम्मा	२६३५५२०	४०९९५४२

२१.१ **कर विजक:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ता समितिले डोजर ब्रेकर भाडामा लिएको भनि निम्न आपुर्तकलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको छ । मु.अ.करमा दर्ता भएकाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण प्रत्येक महिनामा पेश गर्नुपर्दछ । निम्न आपुर्तकको विजकको प्यान नम्बर लिई सर्चगर्दा राजश्व विभागको अन लाइनमा नन फिलर र नट भ्यालिट देखाएकोले आपुर्तकले मु.अ.कर रकम दाखिला गरेको भनि एकीन नभएकोले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा मु. अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३३०७५५.३२

गो.भौ.नं.र मिति	**निर्माण व्यवसायी**	**विजक नं.र मिति**	**भुक्तानी रकम**	**मू.अ.कर**	**कैफियत**
२७०।०७६।१।३१	विपी निर्माण सेवा	१५/१/१५	१०५६५५.००	१२१५५.००	
२७०।०७६।१।३१	विपी निर्माण सेवा	८/१२/१४	४७४६०.००	५४६०.००	
२६८।०७६।१।३०	श्री पाली निर्माण सेवा	१८/१०/२८	६८८००.००	११५०४३.००	नन् फाईलर ०७३ चैत्र देखी
३७६।०७६।३।१३	अरुण बरुण निर्माण सेवा	४३/३/११	१२४५७६५.००	१४३३१८.००	नन् फाईलर ०७६ जेष्ठ
१९५।०७५।१०।१५	महालक्ष्मी अटो मोवाईल फ्यूल सेन्टर		६४१७५.००	७३८२.००	नन् फाइलर
३८९।०७६।२।२८	महालक्ष्मी अटो मोवाईल फ्यूल सेन्टर	४६८	१०३८८०.४४	११९५०.००	नन् फाइलर
३८९।०७६।२।२८	महालक्ष्मी अटो मोवाईल फ्यूल सेन्टर	४६७	२१८१४५.७०	२५०९६.३२	नन् फाइलर
३९५।०७६।२।३१	न्यू मकालु ड्राईभिङ सेन्टर		८९९७५.००	१०३५१.००	
			जम्मा	**३३०७५५.३२**	

२२ **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । त्यस्तै दफा ७० मा आकस्मीक कोष जस्ता कोषहरु स्थापना गर्न सक्ने व्यबस्था छ । यस व्यवस्था अनुसार स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । यस कोषमा रु.७९,६३,६७४।१७ मौज्दात

	रहेको देखियो । यस्तो कर्मचारी कल्याणकारी रकमको सन्चालन निर्देशिका, नियम समेत बनाएको पाईएन । आर्थिक सहायता पनि गाउं कार्यपालिकाको पटके निर्णयको आधारमा दिने गरेको छ । आर्थिक सहायता दिनको लागि एबं अन्य कुनै कार्य गर्नको लागि पनि कुनै कोषको व्यबस्था गरेको छैन । कोष सन्चालन निर्देशिका, नियम समेत बनाएको पाईएन । कोष सञ्चालन निर्देशिका तयार गरी कोषको कारोबार गरिनु पर्दछ ।	
२३	**लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (२) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा यस नगरपालिकाले नगर कार्यपालिकाको निर्णयबाट सिम्ले साँस्कृतिक कार्यक्रममा रु ३० हजार, लैंगिक हिंसा विरुद्ध सचेतना कार्यक्रममा रु. ४० हजार जस्ता चालु प्रकृतिका कार्यहरुमा पनि खर्च गरेको पाईयो । यस्तो कार्यमा सुधार हुनु पर्दछ ।	
२४	**वातावरणीय प्रभाव** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस नगरपाललिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । आर्थिक वर्ष २०७५।०७६ मा वातावरणीय अध्ययन पश्चात मात्र योजना छनौट गरी लागु गरेको समेत पाइएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गर्नुपर्दछ ।	
२५	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालीकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार संचालनमा ल्याइनु पर्दछ । त्यस्तै नेपालको सार्वजनिक क्षेत्र लेखामान मापदण्ड (NEPSAS) म.ले.प.फ.नं. २७२ तयार गरेको छैन ।	
२६	**सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सो अनुसार सार्वजनिक परीक्षण र सुनुवाई गरेको छैन ।	
२७	**योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस्तो कार्य कार्यन्वयनमा ल्याएको छैन । जस्तैः जनजाती जनचेतना अभिवृद्धि, जेष्ठ नागरीक सम्मान जस्ता साल बसाली कार्यमा समेत बजेट विनियोजन गरी खर्च गरेको छ ।	
२८	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा यस नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायिहरुको लगत राखी राजस्व असुल गर्नू पर्नेमा लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । बडाबाट दर्ता नबिकरण हुने गरेको भनिए पनि केहि अभिलेख नगरपालिकामा रहेको पाइयो भने वडाहरुको दर्ता नबिकरणको अभिलेख प्रस्तुत हुन आएन । यसोहुँदा यथार्थ दर्ता नबीकरणको तथ्याङ्क यकिन हुन आएन । तसर्थ यस नगरपालिकाले नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अध्यबधिक अभिलेख राखि व्यबसायिलाई करको दायराभित्र ल्याउनु पर्दछ ।	
२९	**आन्तरिक आय ठेक्का :** आर्थिक बर्ष २०७५।०७६ मा कुनै आन्तरिक ठेक्का लगाएको विवरण पेश गरेको छैन तर आन्तरिक आयको विवरणमा सभाखोला अरुण नदी गिट्टी, बालुवाबाट रु ३,५०,५८५।- असूल भएको विवरण पेश गरेको छ । आयको श्रोत पहिचान गरीनु पर्ने देखियो । विभाज्य कोषमा रहेको रु १२ लाख ठेक्का बाट असारमा प्राप्त भई खातामा राखेको छ । सोको ठेक्का फायल पेश नभएकोले विश्लेषण र लेखापरीक्षण हुन सकेन । अत ठेक्का फाइल पेश गरी लेखापरिक्षण गराउनु पर्ने रु	१२०००००।००
३०	**तलवी प्रतिबेदन :** यस नगरपालिकामा स्वीकृत दरबन्दी ४७ मध्ये ८ स्थायी पूर्ति ३९ खालि रहेको छ । खालि मध्ये ३१ जना करारमा कार्यरत रहेका छन । निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट तलबी प्रतिबेदन पारित गरेर	

	मात्र तलब खर्च लेख्नुपर्दछ । निजामती कर्मचारीको पनि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र शिक्षकहरुको विद्यालय शिक्षक किताव खानाबाट तलबी प्रतिबेदन पास गराएर तलब भत्ता खर्च लेख्नु पर्नेमा लेखेको पाईएन । त्यस्तै खाली दरबरन्दी पूर्ति गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्ने देखियो ।	
३१	**न्याय सम्पादन** - २०७५।३।४ को नगर सभाको निर्णयबाट न्यायिक समिति गठन भएको पाईयो । यस नगरपालिकामा उजूरी, मुद्दा मूल दर्तामा दर्ता गर्ने गरेकोले छुट्टै अभिलेख नराखिएको भनि दर्ताको अभिलेख राखेको पाईएन । उजूरी / मुद्दा फाईल अनुसार १६ वटा मध्ये ४ वटा मिलापत्रबाट फछ्र्यौट गरी ६ वटा अन्य अड्डामा पठाएको, १ वटा तामेलीमा रहेको र ५ वटा आ.ब. २०७६।०७७ लाई जिम्मेवारी रहेको पाईयो । लेखापरीक्षणको क्रममा कुनै उजूरी आएमा तत्काल समाधान गर्ने गरेको तर अभिलेख कायम गरी राख्ने नगरेकोमा अब आईन्दा अभिलेख राखिने जानकारी हुन आयो ।	
३२	**खर्च अनुमोदन :** आर्थिक बर्ष २०७५।०७६ मा यस नगरपालिकाको आम्दानी रु. ६९,५४,८०,१८४।५५ भई खर्च रु ५६,८५,३६,३०३।३४ भएकोमा नगरसभाबाट आम्दानी खर्च अनुमोदन गराएको छैन ।	
३३	**अबण्डा बिनियोजन :** २०७५।३।२६ को नगरसभाले पारित गरेको आ.ब. २०७५।०७६ को बार्षिक बजेटमा रु ३० लाख समपुरक कोषको नाममा अबण्डा रकम राखेको पाईयो । कार्यक्रममा बजेट बिनियोजन नगरी अबण्डा राख्ने प्रकृयामा सुधार भई कार्यक्रममा बजेट बिनियोजन हुनु पर्ने देखिन्छ ।	
३४	**आर्थिक प्रतिबेदन :** खाँदबारी नगरपालिकाको आर्थिक कार्यबिधि कानून, २०७५ को बुदा नम्बर २५ मा प्रचलित कानुन बमोजिम तयार गर्नु पर्ने बित्तीय प्रतिबेदनहरु संबन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र बिद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्बजनिक गर्नु पर्ने व्यहोरा उल्लेख छ । त्यस्तै बुदा नंबर २८ मा आर्थिक कारोबारको लेखा व्यबस्थित गर्न उपयुक्त बिद्युतिय प्रणलिको प्रयोग गर्न सकिनेछ भन्ने व्यहोरा उल्लेख भएकोमा बित्तीय प्रतिबेदन सार्बजनिक गरेको र बिद्युतीय लेखा राखेको पाईएन । त्यस्तै आबधिक रुपमा तयार गर्नु पर्ने मासिक प्रतिबेदन, चौमासिक प्रतिबेदन, आर्थिक बर्ष २०७५।०७६ को आर्थिक कारोबारको बार्षिक प्रतिबेदन, जस्ता प्रतिबेदनहरु तयार गरेको पाईएन ।	
३५	**प्राबिधिक पुस्ट्याइँ :** उपभोग्ताबाट कार्य गराउनको लागि तयार गरिने लागत अनुमान तयार गर्नु पूर्ब लागत अनुमान बनाउने स्थानको कुन कुन ठाउँमा कति कस्तो चट्टान पर्छ सो को प्राबिधिक पुस्ट्याइँको आधारमा लागत अनुमान तयार गर्नु पर्नेमा लागत अनुमान तयार गर्नु पूर्ब यस्तो प्रबिधिक पूस्ट्याई संलग्न राख्ने गरेको नपाईएबाट बनेको लागल अनुमान र सो मुताबिकको खर्च बास्तबमा त्यति नै खर्च हुनु पर्ने थियो भनि भिडान गर्ने आधार भएन ।	
३६	**योजना हस्तान्तरण :** उपभोक्ता समितिबाट सन्चालित आयोजनाहरु मात्र छुट्टै देखिने गरी अभिलेख राखेको छैन । आयोजना कार्यान्वयनको लागि उपभोक्ता समितिसंग गरेको सम्झौताको बुदा नम्बर १५ मा आयोजना सम्पन्न भएपछि स्थानीय तहबाट जाँचपास गरी फरफारकको प्रमाण पत्र लिनु पर्दछ । साथै आयोजना हस्तान्तरण लिई आबस्यक मर्मत संभारको व्यबस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नु पर्ने व्यहोरा उल्लेख भएकोमा यस नगरपालिकाले आर्थिक बर्ष २०७५।०७६ मा उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजनाहरु उक्त नियम बमोजिम हस्तान्तरण गरेको नपाईएकोले मर्मत सम्भारको पक्ष दुर्बल हुन सक्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्दछ । साथै पालिकाले बार्षिक कार्यतालिका बनाई सो अनुरुप अनुगमन गर्नुपर्दछ ।	
३७	**उपभोक्ता समिति कार्य :** सार्बजनिक खरीद नियमाबली २०६४ को नियम ९७(३) (क) मा उपभोग्ता संग गरिने संझौतामा निर्माण कार्य वा सेबाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोग्ता समिति वा लाभग्राहि समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेबा सम्पन्न्न गर्नुपर्ने अबधि र नियम ९७(३)(ग) मा निर्माण कार्य वा सेबा सार्बजनिक निकाय र उपभोक्ता समिति वा लाभग्राही समुदायको सहभागितामा सम्पन्न वा उपलब्ध हुने व्यहोरा उल्लेख छ । सडक निर्माणको कार्य आदि गर्दा यस नगरपालिकाले उपभोक्ता संग श्रमदान समेत गर्नु पर्ने गरी श्रमदानको अंश समेत तोकेर कटिङ्ग मात्रको कामको ईस्टिमेट बमोजिम कार्य गराएको पाईयो । लागत अनुमान बमोजिमको लागत सहभागिता, उपभोग्ता समितिको अंश समेतको काम भएपनि कटिङ्गको काम मात्र भएको लागत अनुमानको काम डोजरबाट मात्र भएकोले डोजरबाट मात्र गरेको काममा उपभोक्ता समिति मार्फत नै हुनु पर्ने पुस्टयाई गर्ने आधार देखिएन ।	
३८	**बजेट स्वीकृत गराई खर्च गर्नु पर्ने :** स्थानिय तहमा बजेट तर्जुमा , कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल सरकारबाट हस्तान्तरण भई संन्चित कोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा नगरसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ ।	

कानूनबाट निर्देशित नभएका सुरु बिनियोजनमा नपरेका, नगर सभाले अनुमोदन नगरेका बिभिन्न शिर्षकहरुमा नगर कार्यपालिकाबाट निर्णय गरेर विभिन्न कार्यमा खर्च गरेको पाईयो । यस्तै बजेटमा एक शिर्षकमा (योजनामा) बजेट विनियोजन गरी अन्य कार्यक्रममा खर्च गर्ने गरेको छ । यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ । जस्तैः सभाबाट नगर क्षेत्रभित्रका मूर्त, अमूर्त साँस्कृतिक कला, साहित्य प्रबर्द्धन कार्यक्रमको लागि रु. १० लाख बजेट पारित गरेकोमा सो कार्य नगरी त्रिवेणी बालक्लव लगायत ५ वटा कार्यक्रम सञ्चालन गरी खर्च गरेको छ । सो खर्च गर्दा सभाबाट योजना पारित गरेको छैन ।

३९ **स्थानीय संचित कोषः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम खाँदबारी नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार सन्चालन नभएका व्ययहरुको आयव्यय हिसावको छुट्टै संचितकोषको हिसाब राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले संचितकोषको छुट्टै हिसाब राखेको भएतापनि सो मा वर्षभरी भएको सम्पूर्ण कारोबारको रकमको हिसाब राखी चालु र पूंजीगत खर्च खातामा ट्रान्सफर गरी खर्च खाताहरुबाट आर्थिक वर्षभरी कारोबार गरी वर्षान्तमा बांकी रकम यस कोषमा फिर्ता गर्नुपर्नेमा खर्च खाताहरुबाट समेत सिधैं कारोबार गरेको तथा संचित कोषको हिसाब अध्याबधिक नगरेको कारणले एकिकृत आयव्यय बिवरणले देखाएको हिसाब भिडान गरी यकिन गर्न सकिएन । तसर्थ ऐनमा व्यवस्था भए बमोजिम सञ्चित कोष तथा खर्च खाताहरुको अभिलेख राखी सम्बन्धित खातामा जनाई हिसाब दुरुस्त राख्नुपर्दछ ।

४० **लागत सहभागिताः** नगरपालिकाले उपभोक्ताहरुबाट निर्माण कार्य गराउँदा लागत सहभागिता वापत नगद रकम उपभोक्ताहरुबाट नगद रकम संचित कोषमा दाखिला गर्न लगाई निर्माण कार्य समाप्त भएपछि लागत सहभागिता वापत राखेको रकम समेत भुक्तानी गरेको छ । लागत सहभागितको हिसाब छुट्टै अभिलेख बनाई राखेको छैन जसका कारण समानिकरण पूंजीगतमा बास्तबिक खर्च तथा लागत सहभागिता वापतको बास्तबिक आम्दानी तथा खर्चका सम्बन्धमा नगरपालिकाले एकिकृत आर्थिक विवरणमा देखाएको रकमका बारेमा यकिन गर्न सकिएन । यस वर्ष पेश गरेको खर्चको विवरण अनुसार यस्तो सहभागिता वापतको रकम रु १,४३,७२,४२३।६७ आम्दानी मध्ये रु ५७,६८,००४।५८ खर्च भई रु.८६,०४,४१९।०९ मौज्दात देखाएको छ । तर वाकी रकम को, कसको, कती हो विवरण पेश गरेको छैन । तसर्थ लागत सहभागिता वापत नगद दाखिला गर्ने व्यवस्था राम्रो भएको र सो को अभिलेख देखिने गरी छुट्टै हिसाव राख्नुपर्ने देखिन्छ ।

४१ **बैंक हिसाब मिलानः** नगरपालिकाले आर्थिक वर्षमा गरिएको कारोबारको श्रेस्ताले देखाएको मौज्दात र बैंक स्टेटमेन्टले देखाएको बांकी मौज्दातका सम्बन्धमा प्रत्येक महिना हिसाब मिलान गरी मौज्दात रकम दुरुस्त गरी राख्नुपर्नेमा हिसाब मिलान गरेको छैन । जसको कारण बैंक स्टेटमेन्टले देखाएको मौज्दात र श्रेस्ताले देखाएको मौज्दातका सम्बन्धमा यकिन गर्न सकिएन । यस कार्यमा नगरपालिकाले मौज्दात रकम बैंक हिसाब विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

राजश्व बाँडफाँड र वितिय समानिकरण चालु तर्फ

४२ **आर्थिक सहायता :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि, २०६९ को बुदा नंबर १३(१)(च)मा स्थानीय निकायले राजनैतिक दल तथा तिनका भातृ वा भागीनी संगठन, संघ, संस्था वा व्यत्तिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलव्ध गराउन निषेध गरेको छ । नगरपालिकाले यस बर्ष निम्न संघ संस्था र व्यत्तिलाई आर्थिक सहयोग वापतको रकम भुक्तानि गरेको पाईयो । साथै आर्थिक सहयोग सम्बन्धी व्यवस्थित कार्यविधि नबनाई गरिएको फरक-फरक दरको असमर्थ, विपत र असहाय वापतको आर्थिक सहयोग न्यायसंगत भएको पाइएन । यो वर्ष यस्तो आर्थिक सहयोग जम्मा रु ५ लाख विनियोजन गरेकोमा रु ७७,०००।-खर्च गरेको अवस्था छ । आर्थिक सहयोग कार्यविधि निर्माण गरी यस्तो खर्च व्यवस्थित गर्नु आवश्यक छ । उदाहरणार्थ :

गो.भौ. र मिति	विवरण	खर्च	कैफियत
३७।०७५।९।२७	लिला बहादुर घिमिरेलाई छोराको उपचार गर्न	१०,०००।००	
७६।०७५।१०।८	जसबहादुर मगरलाई श्रीमतीको उपचार गर्न	७०००।००	
२६२।०७६।१।२५	दलबहादुर गुरुङको कटेरो आगोलागी राहत	१०,०००।००	
२६।०७५।५।२९	रुद्रबहादुर वि.क.लाई उपचार खर्च वापत	१५,०००।००	

४३ **जिन्सी दाखिला :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) अनुसार कार्यलयमा प्राप्त मालसामानको विवरण र मूल्य समेत खुलाई जिनसी किताबमा ७ दिन भित्र आम्दानी बाधीश्रेस्ता खडा गरी अध्यावधीक गरी राख्नु पर्ने व्यवस्था छ । खरीद गरेका जिन्सी सामान आम्दानी बाध्ने गरेको देखिएन कतिपय

सामानहरु सिधै वडा कार्यालयमा पठाएको भनी खर्च लेखेको समेत पाइयो जिन्सी सामानको व्यवस्थित र भरपर्दो तरीकाले व्यवस्थापन गरेको नपाईएकोले के कती सामान खरिद भयो कति उपयोग भयो र कति बाँकी छ एकिन गर्न सकिएन । नमूना परीक्षण बाट लेखापरीक्षण गर्दा निम्नानुसार भौचरबाट रकम भुक्तानी गरी खरीद गरिएको सामान जिन्सी दाखिला नभएकोले दाखिला गरी प्रमाण पेश हुनु पर्ने अन्यथा अशुल हुनुपर्ने रु......... २३०४४८.००

गो.भौ.नं.र मिति	**आपूर्ति कर्ता**	**खरीद गरिएको सामानको विवरण**	**भुक्तानी रकम**
७।२०७५।५।४	एस.एस. ट्रेनिङ सप्लायर्स	कार्यालय सम्बन्धी सामान	९३६६०।०
१५।२०७५।५।७	ब्रज ट्रेड खाँदवारी	कार्यालय सम्बन्धी सामान	८७६९९।०
२२२।२०७५।११।१	ब्रज ट्रेड खाँदवारी	कार्यालय सम्बन्धी सामान	१००००।०
१२४।०७५।११।३	ब्रज ट्रेड खाँदवारी	औषधि खरिद	३९०८९।००
जम्मा			२३०४४८.००

४४ **अनुपस्थितको वैठक भता** नगरपालिका तथा वडाहरुको विभिन्न वैठकहरुमा अनुपस्थित पदाधिकारीले बुझेको निम्नानुसार वैठक भत्ता असुल गर्नुपर्ने रु.... १४७९०.००

भौचर । मिति	**पदाधिकरी**	**नम**	**दिन**	**रकम (कर वाहेक)**	**कैफियत**
४६८।०७६।३।२५	वडा अध्यक्ष	श्री मौसम आले	१	१७००।००	वितिय समानिकरण चालु
५४।०७५।११।२८	उप प्रमुख	श्री डेगेश्वरी श्रेष्ठ	१	१८७०।००	आन्तरिक आम्दानी
११३।०७६।३।२५	उप प्रमुख	श्री डेगेश्वरी श्रेष्ठ	१	१८७०।००	आन्तरिक आम्दानी
६४।०७६।१।१२		श्री कोकिला नेपाली	१	८५०।००	आन्तरिक आम्दानी
११३।०७६।३।२५	वडा सदस्य	श्री नरेन्द्र गुरुङ	१	८५०।००	आन्तरिक आम्दानी
३८८।०७६।२।२८		श्री सुमन श्रेष्ठ	१	८५०।००	वितिय समानिकरण चालु
३८८।०७६।२।२८		श्री राजिव श्रेष्ठ	१	८५०।००	वितिय समानिकरण चालु
३८८।०७६।२।२८		श्री डेगराज वस्नेत	२	१७००।००	वितिय समानिकरण चालु
३८८।०७६।२।२८		श्री युवराज शाक्य	१	८५०।००	वितिय समानिकरण चालु
३८८।०७६।२।२८		श्री कृष्ण भगत प्रधान	१	८५०।०	वितिय समानिकरण चालु
३८८।०७६।२।२८		श्री राजन विश्वकर्मा	१	८५०।००	वितिय समानिकरण चालु
३९०।०७६।२।२९		श्री सुनिता कट्वाल	२	१७००।००	वितिय समानिकरण चालु
	जम्मा			**१४७९०।००**	

४५ **आधार वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार रकम खर्च गर्दा यथेष्ट आधार तथा प्रमाण राखी खर्च गनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च तथा संचार (रिचार्ज) खर्च भुक्तानी गर्दा आधार तथा कागजात पेश नगरी प्रयोजन समेत नखुलाई खर्च गरेको छ । अत: अनियमित देखिएका निम्नानुसार खर्चहरुको एथिष्ट प्रमाण राखी नियमित गर्नुपर्ने रु.... १४६,४८५।००

गौ भौ नं.	**मिति**	**भुक्तानी दिएको होटल**	**रकम**	**कैफियत**
४५२	२०७६।३।२५	चमेना गृह	५३,५२०।००	वैठक माईन्यूट लगायत
४५२	२०७६।३।२५	न्यू चाईना गेष्ट हाउस	५५६४५।००	कागजात पेश नभएका
१३५	०७५।८।४	साकार इन्टरप्राईजेज	१५०००।००	प्रयोजन तथा प्रयोग गर्ने व्यक्ति नखुलेको
१४७	०७५।९।०१	सुनसरी स्वीट हाउस	१५,९६०।००	प्रयोजन तथा प्रयोग गर्ने व्यक्ति नखुलेको
१४७	०७५।९।०१	होटल भेनुस एण्ड लज	६,३६०।००	प्रयोजन तथा प्रयोग गर्ने व्यक्ति नखुलेको
		जम्मा	**१४६,४८५**	

४६ **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार खाँदबारी नगरपालिकाले देहाय बमोजिम रु. १,१८,३५,५९२।०० सुविधावापत भुक्तानी भएको छ ।

सि.नं.	**विवरण**	**प्रमुख**	**उपप्रमुख**	**वडाअध्यक्ष ११ जना**	**कार्यपालिका सदस्य ८ जना**	**सभाका सदस्य ३७ जना**	**जम्मा**
१	मासिक सुविधा						
२	संचार सुविधा	२५००।००	२५००।००	२०००।००	१०००।००	१०००।००	९००००।००

३	बैठक भत्ता	००।००	०	४०००।००	४०००।००	२०००।००	१००००।००
४	खाजा भत्ता	४०००।००	३०००।००	३०००।००	०।००	०।००	१००००।००
५	पुस्तक/पत्रपत्रिका	३०००।००	२५००।००	२०००।००	१५००।००	१०००।००	१००००।००
६	अनुगमन भत्ता	७५००।००	६०००।००	२०००।००	०।००	१५००।००	१७०००।००
७	खानेपानी/विजुली महसुल	२०००।००	२०००।००	१०००।००	१०००।००	०।००	६०००।००
८	सरसफाई, मर्मत	२०००।००	२०००।००	१०००।००	०।००	०।००	५०००।००
९	अतिथि सत्कार	२०००।००	२०००।००	१०००।००	०।००	०।००	५०००।००
१०	यातायात खर्च	०।००	०।००	२०००।००	२०००।००	१०००।००	५०००।००
जम्मा		२३०००।००	२००००।०	१८०००।००	९५००।००	६५००।००	७७०००।००
मासिक जम्मा		२३०००।००	२००००।०	१९८०००।००	७६०००।००	२४०५००।००	५५७५००।०
वार्षिक जम्मा		२७६०००	२४००००	२३७६०००	९१२०००।०	२८८६०००	६६९००००
अघिल्लो आ व को जम्मा		आ.व. ०७४।७५ को भुक्तानी भएको पदाधिकारी भत्ता					५१४५५९२
कुल जम्मा		**आ.व. २०७४।७५ र ०७५।७६ को जम्मा**					**११८३५५९२।००**

४७ **चाडपर्व खर्च:** नेपालको संविधानको धारा २२७ मा नगरसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनको दफा ४ मा आन्तरिक राजश्व र आम्दानी लाई विचार गरी सभाले स्वीकृत गरेको बजेटको परिधीभित्र रही कार्यपालिकाको निर्णय बमोजिम पदाधिकारीलाई चाडपर्व खर्च वापत रकम भुक्तानी दिने भन्ने व्यवस्था भएकोमा यस नगरपालिकाले ५६ जना पदाधिकारीलाई रु १०,०००।०० को दरले हुनआउने रु ५६०,०००।- रकम भुक्तानी दिएको पाईयो । तर कार्यपालिकाले निर्णय गरेको नदेखिएको रु... ५६००००।००

४८ **स्वकीय सचीव :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा राजश्व र आन्तरिक आय एवम् कार्यालयको कार्यबोझलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था गरेको छ । नगरपालिका प्रमुखले २ जना स्वकीय सचीव २०७५ साल श्रावण देखि असार सम्म करारमा सम्झौता गरी मासीक रु. २२,१७०.०० का दरले २ जनाको हुन आउने रु. ५३२०८०।- खर्च लेखेको छ । तर कार्यबोझको विश्लेषण गरी कार्यपालिकाले निर्णय गरेको छैन ।

४९ **बढी सङ्ख्याको वैठक भत्ता** : भौ नं. २२।०७५ गाउं तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन, २०७५ मा गाउँसभा तथा नगरसभाको वडा समितिको सदस्यहरुले रु १०००।- को दरले वैठक भत्ता पाउनेमा देहायको वडाहरुका वडा सदस्यहरुले बैठक भत्ता वापत रु १५००।- भुक्तानी लिएको पाईयो । प्रतिव्यक्ति प्रतिवैठक रु ५००।- का दरले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.... ५९५००।००

वडा नं.	बढि भुक्तानी लिने सदस्य संख्या	बैठक संख्या	बढी भएको दर	बढी भुक्तानी रकम	असूल हुनुपर्ने (कर बाहेक) रकम	कैफियत
१	४ जना	२	८×५००	४०००।०	३४००।०	
२	५ जना	३	१४×५००	७०००।०	५९५०।०	१ जनाले २ वटा वैठकको मात्र भुक्तानी लिएको
३	५ जना	५	२५×५००	१२५००।०	१०६२५।०	
४	४ जना	३	१२×५००	६०००।०	५१००।०	
५	४ जना	३	१२×५००	६०००।०	५१००।०	
६	५ जना	५	२५×५००	१२५००।०	१०६२५।०	
८	४ जना	६	२४×५००	१२०००।०	१०२००।०	
९	४ जना	५	२०×५००	१००००।०	८५००।०	
	जम्मा			**१६९००।०**	**५९५००।०**	

५० **बेरितको भ्रमण खर्च:** १८०।०७५।९।२७ बाट ना.सु. श्री कमलबहादुर कार्कीले कार्यालयको कामकाज गर्न भनि

धनकुटा काज स्वीकृत गरिएकोमा यसै नगरपालिकाको वडा नं. १० सितलपाटीको भ्रमण गरेको भ्रमण विल पेश गरी रु ८,५००।- भुक्तानी गरिएको छ । भ्रमण आदेश एक स्थानका लागि स्वीकृत भएकोमा अर्को स्थानको भ्रमण विलबाट गरिएको खर्च यथार्थपरक हो भन्ने आधार देखिएन । अतः असुल हुनुपर्ने रु .. ८५००।००

५१ **आदेश वेगर मर्मत:** कार्यालयले विभिन्न मेसिनरी औजार तथा सवारी साधन मर्मत गर्दा मर्मत आदेश भरी कार्यालय प्रमुख बाट स्वीकृत गराई मर्मत गनुपर्ने मा कतिपय मर्मत कार्यमा मर्मत आदेश प्रयोग नगरेको अवस्था छ । अतः नियमित गर्नुपर्ने रु.... २३५५१२।००

भौ.नं. मिति	मर्मत गर्ने संस्था	विवरण	खर्च भएको रु.....
१३८।०७५।८।५	मंगलादेवी वर्कसप	सवारी साधन मर्मत	१४७५०।०
२२९।०७५।११।३०	आशिष सर्भिसिङ सेन्टर	सवारी साधन मर्मत	१३९४१२।००
२१७।०७५।११।२७	मनराम मोटर्स प्रा.लि.	सवारी मर्मत (विभिन्न विलबाट)	६५७१०।००
३०२।०७५।१२।२०	मंगलादेवी वर्कसप	ब्याक हो लोडर मर्मत	१५६४०।००
		जम्मा	**२३५५१२।००**

५२ **भरपाई विना भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा कार्यालयले रकम भुक्तानी गर्दा विल, भरपाई लगायतका खर्च प्रमाणित हुने कागजात राखी रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यसवर्ष निम्नानुसार रकम भुक्तानी गर्दा आवश्यक विल भरपाई पेश गरेको छैन । अतः कागजात पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु १६००००।००

भो.नं.	मिति	प्रयोजन	रकम रु.
२२२	०७५।११।१	ढुवानी खर्च	१०,०००।०
४७८	०७६।३।३०	धारा महसूल खर्च	१,५०,०००।०
		जम्मा	**१६००००।००**

५३ **तालिम सन्चालन:** ४५८।०७६।३।२५ यस वर्ष नगरपालिकाले मिसन आई.टी. सोलुसनमा ४ जना कर्मचारीहरुलाई कम्प्यूटर तालिम गराएको भनि रु ६७,०००।०० खर्च लेखेको छ । कार्यालयले उक्त संस्थासँग तालिम सन्चालन सम्बन्धी संझौता गरेको भए तापनी कम्प्यूटर सिक्ने कर्मचारीको हाजिरी लगायतका कुनैपनि प्रमाण नराखी भुक्तानी दिएको छ । तालिम संचालन सम्बन्धी उक्त खर्च नियमित हो भन्ने आधार देखिएन । अतः तालिम सन्चालन भएको प्रमाण पेश हुनुपर्ने साथै कम्प्यूटर होम्स सँग पत्राचार गरी मिसन आइटीलाई भुक्तानी दिनुको कारण समेत स्पष्ट हुनुपर्ने रु.. ६७०००।००

५४ **दोहोरो भाडा:** २१७।०७५।१०।२९ पालिकाले ठक्कर बहादुर श्रेष्ठ सँग मासिक रु ३०००।- को दरले घरभाडा भुक्तानी दिने संझौता गरेकोमा वर्षभरीमा ३ महिनाको हुन आउने रु ९०००।- घरभाडा वढी भुक्तानी गरेको देखियो । अतः बहाल कर कट्टीपछिको हुनआउने रु ८,१००।- असूल हुनुपर्ने रु ..... ८१००।००

५५ **पारिश्रमिक कर**: आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारदाताले कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा करयोग्य आयमा लाग्ने कर अग्रिम रुपमा कट्टागरी दाखीला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारका कर्मचारीहरुको पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा गरी दाखिला गरेको कर नपुग देखिएकाले असुल गरी दाखिला गर्नुपर्ने रु ... ४३४७२।००

कर्मचारीको नाम	**पद**	**वार्षिक आय**	**वार्षिक कर छुट**	**करयोग्य आय**	**सा. सु. समेत लाग्ने कर**	**दाखिला भएको कर**	**असुल गर्नुपर्ने कर**
श्री दिनेश कट्टेल	प्र.अ.	६०५२१३।००	११४९९७००	४९०२१६।००	१७५३२।००	५०१६।००	१२५१६।००
श्री खेमराज निरौला	सा.वि.अ	६०५२१३।००	११४९९७००	४९०२१६।००	१७५३२।००	५०१६।००	१२५१६।००
श्री सुरज श्रेष्ठ	इन्जिनियर	४७८०४३।००	३००००।००	४४८०४३।००	११२०७।००	४७८०।००	६४२७।००
श्री प्रदिप बुढाथोकी	आई.टी अफिसर	५१७९५६।००	३००००।००	४८७९५६।००	१७१९३।००	५१८०।००	१२०१३।०
			जम्मा	**१९१६४३१।०**	**६३४६४।०० **	**१९९९२।००**	**४३४७२।००**

सामाजिक सुरक्षा :–

५६ **सामाजिक सुरक्षा :-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च

	नभई वाँकी रहेमा संघिय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट प्राप्त रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयलाई यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत कुल रु. ४,५३,८०,०००।०० निकासा भएकोमा रु ४,५२,८७,६००।- खर्च भई बाँकी रहेको रु. ९२,४००।०० निकासा फिर्ता गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको वजेटले नथाम्ने गरी वढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन विशेष कारण र परिस्थितिवस भुक्तानी गर्नु पर्ने भएमा महालेखा परिक्षकले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारिमा चढाई श्रावण १५ भित्र को.ले.नि.का बाट प्रमाणित गराई खर्च लेख्ने व्यवस्था भएकोमा नगरपालिकाले आ.व.२०७४।७५ को सामाजिक सुरक्षा वापतको रकम रु ५,६२,४००।- यो वर्ष भुक्तानी गरेकोले नियमित हुनुपर्ने रु.	५६२४००।००
५७	**सामाजिक सुरक्षा भत्ता र खर्चको भुक्तानि : सा**माजिक सुरक्षा भत्ता कार्यक्रम संचालन कार्यविधि २०६९ बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनेको आवश्यक सम्पूर्ण विवरण खुल्ने अभिलेख खाता अद्यावधिक गराई राख्नु पर्ने र सोहि आधारमा मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्नु पर्नेमा सो बमोजिम गरेको पाईएन । बैङ्कबाट बितरण गरेको सामाजिक सुरक्षा भत्ता मध्ये कतिले लिए, कतिले लिन आएनन् बैङ्क संग बिबरण माग गरेर फिर्ता प्राप्त गरी राजश्व दाखिला हुनु पर्ने देखियो ।	
	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमः	
५८	**फाँटवारी वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कार्यालयले रकम भुक्तानी गर्दा विल, भरपाई लगायतका खर्च प्रमाणित हुने कागजात राखी रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत भौ.नं. ५, ७, ९ र ११ बाट क्रमश रु १४,४३९।-, २१,१२१।-, ३७,२८९।- र ८७,८६३।- समेत रु १६०,७१२।- खर्च भएको वैंक नगदी कितावमा उल्लेख छ । सो को भौचर तथा अन्य प्रमाण पुग्ने कागजात राखिएको छैन । यसरी गोश्वारा भौचर लगायत अन्य प्रमाणपुग्ने कागजातहरु समावेश नगरी वैक नगदी कितावमा मात्र चढाई गरिएको खर्च यथार्थमा आधारित, तथ्यसंगत तथा नियमित भएको पाईएन । अतः वास्तविक खर्च भएको हो वा होइन छानविन गरी गल्ती गर्ने उपर कारबाही गर्नुपर्ने देखिन्छ । साथै यस सन्दर्भमा आर्थिक प्रशासनले जिम्मेवारीको बोध गरी यस्ता प्रकारका अनियमित खर्च निवारण मार्फत नगरपालिकाको आर्थिक अवस्था सुदृढ गर्नुपर्दछ । र खर्चका प्रमाण पुग्ने कागजात पेश हुनु पर्ने रु	१६०,७१२।-
	प्रदेश सरकार सशर्त अनुदान तर्फ	
५९	**शनिवारे हाटः** प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त रु १ करोड ५० लाख बाट स्थानीय सनिबारे हाट (टुडिखेल) पिच कार्यको लागि रु १,२६,०९,७७६।- को लागत अनुमान स्वीकृत गरी बोलपत्र आब्ह्वान गरेको छ। सवैभन्दा घटी दर पेश गर्ने विवश इन्टरनेशनल, कन्ट्रक्सन प्रा.लि.को ४७.२७ प्रतिशत घटी अंक रु. ६६,४८,५२६।८० मा मिति २०७६।३।१५ मा सक्नेगरी २०७६।१।१७ मा संझौता गरेको छ । पालिकाले निर्माण व्यवसायीलाई २०७६।३।१७ मा रु ६७,९२,७४२।४९ मू.अ.कर सहित भुक्तानी गरेको छ । पालिकाले भौतिक प्रगती पेश गरेको छैन । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ:	
५९.१	निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा घटी दररेट पेश गरेको कारण बचत भएको रकमबाट रु २६,१४,०१८।९६ को लागत अनुमान तयार गरी स्थानीय शनिवारे हाट खादबारी १ पीच मैदानको थप कार्य व्यवस्थापन समिति सँग पालिकाले रु २०,९१,२१८।- व्यहोर्नेगरी २०७६।३।१५ मा कार्यसक्न २०७६।३।२ मा सम्झौता गरेको छ । उपभोक्ता समितिले रु २४,९२,३३८।५१ बराबरको कार्यगरेको भनि पेश गरेको विल बमोजिमको रकम भन्दा रु १,५३२।- बढी भुक्तानी गरेको छ । सम्झौता भन्दा बढी भुक्तानी गर्न नमिल्ने अवस्थामा कार्यसम्पन्न भन्दा बढी भुक्तानी गर्ने परम्परामा आगामी दिनमा सुधार गर्नुपर्ने साथै बढी रकम असूल हुनुपर्ने रु ..	१५३२।००
५९.२	टुडिखेल पीच गर्ने योजनामा ठेक्का हुँदा घटी दर पेश भएको कारण बचत हुन जाने रकमबाट निर्माण कार्य भईरहेको स्थलमा रेलिङ लगाउने फलामे फलैचा निर्माण गर्ने १० वटा पोल सहितको सोलारबत्ती राख्ने ह्यूमपाईप राखी ढल व्यवस्थित गर्ने जस्ता कार्यको लागि नगरपालिकाले रु ५९ लाखको कार्य उपभोक्ता मार्फत गर्ने निर्णय गरेकोमा पाचौं नगरसभाबाट स्वीकृत र अनुमोदन गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको रु २४,९३,८७१।- अनियमित भएकोले नियमित हुनुपर्ने रु	२४९३८७१।००
५९.३	लागत अनुमान अनुसार पुरैकार्य गर्न ठेक्का हुँदा निर्माण व्यवसायीले घटी दर कवोल गरेकोकार्य पूनः उपभोक्ता समितिलाई सोहि कार्य गर्नेगरी थप कार्यादेश र भुक्तानी गर्ने कार्यलाई उचित मान्न सकिएन ।	
	समानिकरण पुजिगततर्फ	

६० **समानिकरण पूंजीगत :–**नगरपालिका सभाले यो वर्ष बिभिन्न साना तथा ठूला गरी कूल २७६ योजना सन्चालन गर्न रु. १९,०८,१६,०००।- बजेट बिनियोजन गरी २६१ योजना विभिन्न उपभोक्ता समितिहरुबाट निर्माण तथा खरिद कार्य गराएको छ । कार्यालयले पेश गरेको एकमुष्ट प्रगती विववरणमा २७६ स्वीकृत भई २६६ सम्झौता भएको र १० वटाको संझौता नभएको उल्लेख गरेको छ । सम्झौता मध्ये २६३ फरफारक गरेको भनेकोमा योजनाको कच्चावारीमा २६१ को फरफाराक भएको विवरण दिएको छ । कच्चावारी अनुसार २६१ योजनाको लागि रु १८,७१,२३,६७८।- को लागत अनुमान रहेकोमा रु १,३०,१२,९२३।- मात्र लागत (नगद) सहभागिताको रकम उठेको कच्चावारी प्राप्त भएको छ । २६१ योजनामा रु १३,४४,५५,४३५।२० विनियोजन भएकोमा कुन योजनालाई कती भुक्तानी भयो कच्चावारी विवरण पेश भएको छैन । वैक नगदी किताव अनुसार यसमा रु.१६,१२,६२,८२३।०० खर्च भएको देखिन्छ ।

उपभोक्ता समितिहरुको फाइलमा खर्चको बिल भरपाईहरुको तेरिज तयार गरी राखेको छैन । उपभोक्ताहरुलाई भुक्तानी दिदां प्रत्येक योजनाबाट ३ प्रतिशत कन्टिजेन्सी कट्टा गरी राख्ने गरेको छ । लागत अनुमान तयार गरी सोही अनुसार सम्झौता गर्ने तथा सम्पन्न योजनाको प्राबिधिक मूल्यांकन अनुसार उपभोक्ताको आनुपातिक जनश्रमदानको अंश कट्टा गरेर मात्र उपभोक्ताहरुलाई भुक्तानी दिनुपर्दछ । तर कतिपय अवस्थामा कट्टा नगरेको समेत देखिएको छ । तेस्रो नगर सभाको निर्णयानअनुसार (२४ नं) उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुमा २५ प्रतिसत सम्म जनश्रमदान गर्नुपर्ने र अग्रिम पेश्की रकम उपलब्ध गराईने छैन भनि निर्णय गरेकोमा सो कार्यान्वयन भएको छैन । यसरी नगरपालिका सभाबाट भएको निर्णयानुसार सबै उपभोक्ताहरुलाई समान किसिमले एउटै मापदण्ड अनुसार समान रुपमा जनश्रमदान गर्नेगरी लागत अनुमानदेखि सम्पूर्ण प्रावधान अवलम्बन गरी कार्यान्वयन गर्नुपर्नेमा नगरसभाको निर्णय कार्यान्वय नगर्नुको कारण स्पष्ट गरी सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार वनाई सुधार गर्नुपर्दछ । लेखापरीक्षण योजना अनुसार नमूना छनौट गरी (चैत्र र जेठको नहेरिएको) परीक्षण गर्दा देखिएको व्यहोराहरुका सम्बन्धमा देहायअनुसार छन् :

६१ **बढी पेश्कि :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ (५) मा खरिद सम्झौता भए पछि उपभोक्ता समितिलाई सार्वजनिक निकायले त्यस्तो समिति वा समूदायलाई सम्झौता रकमको बढीमा एक तिहाई सम्म पेश्कि दिन सक्ने छ भन्ने व्यवस्था रहेको छ । नगरसभाको तेस्रो वैठकबाट पेश्की उपलब्ध नगराउने निर्णय गरेको छ तर पालिकाले सेवाग्राही समुदायलाई कार्य सुरु नगर्दै ३३ प्रतिशत भन्दा बढी पेश्कि दिएको छ । लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गरिएका आयोजना मध्ये निम्नानुसार योजनामा एक तिहाई भन्दा बढी पेश्कि दिएको देखियो । यस्तो पेश्की दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

गो.भौ.नं. र मिति	आयोजना उ.स.को नाम	सम्झौता रकम	पेश्कि दिएको रकम	बढी पेश्कि रकम
४५।०७५।९।४	सिमालि धारा अर्चले मो.वा. नि.। उ.स.	१०,००,०००.०	४,४०,०००.००	११०,०००.०
४६।०७५।९।४	राम्चे पाँयाखोला मो.वा.उ.स.	१०,००,०००.०	४,४०,०००.००	११०,०००.०
५३।०७५।९।१९	न.पा. भवन पछाडी ढल निर्माण उ.स.	१०,००,०००.०	३६३०००.००	३०,०००.००
५७।०७५।९।२२	भानुचोक ढल निर्माण निर्माण उ.स.	१०,००,०००.	३६३०००.००	३०,०००.००
६०।०७५।९।२३	सिमेश्वर महादेव जाने बाटो नि.उ.स	१०,००,०००.	३६३०००.००	३०,०००.००
६२।०७५।९।२६	भेडीडाँडा जनचाहना प्रा.वि. बाटोस्तरोन्नती उ.स.	१०,००,०००.	३६३०००.००	३०,०००.००
२२३।०७६।१।१०	न.पा. मूखभई पाठाखोला मो.वाउ.स.	५०,००,०००.००.	१९,१८,०००.००	२,६८,०००.००
		जम्मा	१,५५०,०२७	४०८,००२

६२ **जिन्सी खाता:** पालिकाले जिन्सी सामानको २ वटा खर्च भएर नजाने खाता राखेकोमा २०६५ सालदेखिको खातामा पाना नं. २१० रहेको र २०७४ जेष्ठ २२ गते देखि राखेको जिन्सी खातामा पाना नम्बर विच विचमा खालि राखी नम्बर अगाडी पछाडी गरी (पाना को प्रयोग: ४० पछि ९१ पुन: क्रमश: १, ३६, ५१, ७५, १९२, ५३ हुदै ६४, पुन: ११५, २२१ हुदै२२७ हुदै २८१ सम्म राखेको छ) पाना नं. चढाउने गरेको छ । यसरी चढाउँदा केकती सामान खरिद गरी कति दाखिला भयो ? कति दाखिला भएन एकिन गर्न सकिएन । पालिकाले ठूलो रकमको सामान खरिद गरी कार्यालयमा दाखिला नगर्ने सम्बन्धित वडालाई हस्तान्तरण पनि नगर्ने जस्ता कार्यले

सामान खरिद गरेकै हो भन्न सकिएन । कतिपय जिन्सी सामान लेखापरिक्षण अवधिमा चढाउन लगाईएको छ । नमूना छनोटबाट लेखापरिक्षण गर्दा देखिएका निम्न सामानहरु लेखापरिक्षण अवधीमा दाखिला भएका छन् :

१. भौ.नं. ४ बाट स्टील दराज लगायत रु ५२०००।- का सामान खरिद

२. पूजा आधुनिक फर्निचरबाट रु १६८,१४४।- मा खरिद गरिएका ८ थान शिसा ऱ्याक

३. ज्योती फर्निचरबाट रु ७०,६२५।- मा खरिद गरिएका कूर्सी ५ थान समेत

अतः जिन्सी खाता अद्यावधिक र व्यवस्थित गरी खरिद गरिएका जिन्सी सामानको सदुपयोग गर्न पालिकाको ध्यान जानु आवश्यक देखिन्छ ।

६३ **पेश्की खाताः** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयले पेश्की दिएको र फर्छिएको विवरण खुल्नेगरी पेश्की खाता राख्नुपर्दछ । पालिकाले यस वर्ष पेश्की खाता अद्यावधिक गरी राखेको छैन । बैक नगदी कितावमा पेश्की दिएको महलमा भन्दा पर्छिएको महलमा रकम बढी (पाएको ३,९४,५५,८०५।- र फर्छिएको ४,६२,९९,२५५।-) देखाएकोले पेश्कीको यथार्थ आर्थिक अवस्था चित्रण हुन सकेन । पेश्की खातालाई व्यवस्थित गरी राख्नतर्फ पालिकाले ध्यान दिनु आवश्यक देखिन्छ । साथै खाता वेगरको पेश्की बाकी रकम एकिन हुन सकेन । अत छानवीन गरी पेश्की रकम एकिन गर्नु पर्दछ ।

६४ **मूल्य अभिबृद्धि कर दाखिला नभएको :** आर्थिक बर्ष २०७६।०७७ को बजेट वक्तव्य कार्यान्वयनको लागि महालेखा नियन्त्रकको कार्यालयको मिति २०७५।३।१० को पत्रानुसार कार्यालयले आपुर्तकलाई वस्तु वा सेवा खरिद तथा निर्माण कार्यको रकम भुक्तानी गर्दा भुक्तानी गरेको मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम भुक्तानी प्राप्त गर्नेको रकमबाट कट्टी गरी संचित कोष खातामा दाखिला गर्नु पर्ने उल्लेख भएकोमा कार्यालयबाट भएका देहाय बमोजिमका बजेट उपशिर्षकबाट देहाय बमोजिम मूल्य अभिबृद्धि कर समेत भुक्तानी गरेकोमा विलबाट कट्टा गरी राजस्व दाखिला नगरेकोले असूल हुनु पर्ने रु.. ७१६६०।००

व.उ.सि.नं.	गो.भौ.नं र मिति	कार्य	आपूर्तक	विजक नं.	मु.अ.कर भुक्तानी रकम	५० % ले हुने मु.अ.कर
समानिकरण पूजिगत	३७६।०७६।३।१३	माल्टा लेबुवा मो.वा. स्तरोन्नती उ.स.	अरुण वरुण निर्माण सेवा	४३।३।११	१४३३१८।००	७१६६०।००
				जम्मा		७१६६०।००

६५ **प्लाष्टिक टनेलः** ३२/०७५/८/५पाण्डे स्टोर, तानसेनको २४५ थान बिलबाट २५० थान सिलपोलिन प्लाष्टीक टनेल खरिद गरी ५० प्रतिशत अनुदानमा २२२ कृषकलाई १/१ वटा र ४ समुहलाई २८ थान समेत वितरण गरेको भनी रु. १६,१८,५००।-मध्ये रु. ८,०९,२२०।- पाण्डे स्टोरलाई बुझाएको र ढुवानी खर्च रु. ५१,४००।- राम बहादुर ठाकुरलाई सोधभर्ना दिएको समेत रु. ८,६०,६२०।- खर्च लेखेको छ । प्राप्त टनेल २५० थान जिन्सी खाता पाना नं. १०२ मा आम्दानी बाँधी वितरण गरीएकोमा कतिपय कृषकको एउटै व्यक्तीले बुझेको छ । कृषकको निवेदन र छनोट प्रकृया तथा कृषकले व्यहोरेको ५० प्रतिशत रकम असुली तथा भुक्तानीको हिसाब पेश नभएबाट सामान प्राप्त गरी वितरण गरेको हो भन्न सकिएन । कृषकले टनेल निर्माण गरे नगरेको सम्बन्धमा अनुगमन गरी मूल्याङ्कन प्रतिवेदन समेत पेश गरेको छैन । अतः छनोट प्रकृया लगायतका निवेदन पेश गरी मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने रु..... ८६०६२०।००

६६ **बजेट बेगर खर्च** २६३/०७६/१/२५ ग्लोबल एग्रो एण्ड नर्सरी झापाबाट बिना मितिको बिलबाट १० थान सांवासयको बिरुवा खरिद गरी रु. १५०००।०० राम बहादुर ठाकुरले सोधभर्ना माग गरेको निवेदनमा लेखा शाखाबाट उक्त विरुवा खरिद गर्ने कार्यक्रम नरहेको तर सुन्तला, कागती, आँप, लिचि र जुनारको लागि रु. २ लाख बजेट विनियोजन भएको छ भनी निवेदनमै टिप्पणी उठाएकोमा सो टिप्पणी सदर भएको छैन । सो कार्यक्रमको रु. २ लाख सोही कार्यक्रम सञ्चालन गरी भौ.नं. ४५४ मिति २०७६।३।३१ बाट पुरै रकम खर्च भईसकेको अवस्थामा बजेट बेगर खर्च गरेको छ । अतः तोक आदेश समेत नभई खरीद गरीएको विरुवा जिन्सी दाखिला नभएको, वितरण भरपाई समेत नभएको तथा सो कार्यक्रमको लागि बजेट विनियोजन नभएको अवस्थामा खरीद भएरै सोधभर्ना भुक्तानी भएको हो भन्न नसकिएकोले आवश्यक छानबिन गरी असुल हुनुपर्ने रु. १५,०००।००

६७ **मोटरसाईकल सुविधाः** स्थानिय निकाय कार्यसंचालन नियमावलीमा वडाध्यक्ष तथा वडाका सचिवलाई मोटरसाईकल सुविधा दिन मिल्ने प्रावधान रहेको छैन । नगर सभाको निर्णयानुसार ११ वटा वडाका ११ वडाध्यक्षलाई वितरण गर्न भनी इश्वर ईन्टरप्राईजेज खाँदबारीबाट प्रतिगोटा रु. २,२४,९००।०० का दरले यामाहा मोटरसाईकल खरीद गरी लेगार्ड र हेलमेट समेत रु. २५,२८,०००।०० भुक्तानी गरेको छ । खरीद गरीएका मध्ये ४ वटा वडाध्यक्षको लाईसेन्स नभएको कारण देखाई वडाका सचिबलाई जिम्मा दिइएको छ । खरीद गर्दा एउटा

	कारण देखाई पछी अर्को कार्यमा प्रयोग गर्ने गरी खरीद गरीएको मोटरसाईकल ४ थानलाई नियमित मान्न नसकिएको रु...........	९,१९,२७२।००
६८	**पेश्की फर्छ्यौटः** ४२/०७५/९/१ महिला स्वयम् सेवीका पोशाक भत्ता भनि समानीकरण पूजीगत खाताबाट सि.अ.हे.व. सवीर बहादुर दर्जीलाई रु. ६७,०००।०० पेश्की जनाई भुक्तानी गरेको छ । बैंक नगदी किताबमा पेश्की महलमा चढाएको पाईएन । पेश्की खाताको व्यवस्था गरेको समेत पाईएन । पेश्की फर्छ्यौटको लागि फाँटवारी समेत पेश गरेको छैन । अतः उक्त पेश्की रकम सम्बन्धित कार्यमा खर्च भएको एकिन हुन नसकेकोले फाटवारी पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.........	६७,०००।००
६९	**पेश्की फिर्ता**: ४५५/०७६/३/३१ कृषि प्रसार अधिकृत राम बहादुर ठाकुरले विभिन्न कार्यक्रम संचालन गर्न आश्विन १४ गते रु. ६ लाख पेश्की लिएकोमा कार्यक्रम संचालन नै नगरी ६ महिना पछि (०७५।१२।८ मा बैंक दाखिला भौचर) नगदै फिर्ता गर्दा आर्थिक कार्यविधी नियमावली २०६५ बमोजिम १० प्रतिशतका दरले व्याज समेत असुल गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु........	३०,०००।००
७०	**सम्झौता बेगर भुक्तानीः** ९०/०७५/१०/१३ शहरी स्वास्थ्य चौकी सन्चालनको लागि राम बहादुर कटुवालको घर भाडामा लिएको भनी मासिक रु. १,०००। का दरले २०७५ असारदेखि पौषसम्म ७ महिनाको घरभाडा भुक्तानी गर्दा घर धनीसँग गरेको सम्झौता पेश भएन । गत वर्षको भुक्तानी दिन बाँकी म.ले.प.फा.नं. १८ समेत प्रमाणित नगरी रु. १,०००। बढी भुक्तानी दिएको समेत सम्झौता पेश हुनुपर्ने रु....	७,०००।००
७१	**नगरेको कार्यको भुक्तानीः** ९१/०७५/१०/१४ यस वर्ष वडा नं. ३,७,९,१० र ११ समेत ५ वटा वडामा आई.टी. सम्बन्धि सामान जडान तथा खरीद गर्न रु. ५ लाख बजेट विनियोजन भएकोमा Meridian It Pvt. Ltd को विजक नं. ५७२०७५।७२६ बाट राउटर समेत खरीद गरी जडान खर्च बापत रु. ६८,१४१।५९ समेत रु. ४,९६,५००। भुक्तानी गरेको छ । ५ वडामा जडान गर्ने भनी ५ सेट सामान खरीद गरेको अवस्थामा ११ वटै वडामा जडान गरेको देखाई सामान खरीद नगरी जडानको मात्र रकम ६ वटा वडाको ७ हजारका दरले वढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु...........	४२,०००।००
७२	**सम्झौता विपरीत खरीदः** २१९/०७६/१/८ लक्ष्मी आधारभुत विद्यालयलाई फर्निचर खरीदको लागि रु. १ लाख बजेट विनियोजन भएकोमा विद्यालयसँग पालिकाले सम्झौता गरेकोमा सोही बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा पूजा आधुनिक फर्निचर उद्योगको विजक ६२।१।२ बाट प्रति थान रु. ५,०००। का दरले २० थान डेक्स खरीद गरी मु.अ. कर समेत रु. १,१३,०००। को विजक संलग्न गरी विद्यालयको जिन्सी खातामा फर्निचर आम्दानी जनाई रु. ९८,५००। भुक्तानी गरेको छ । आपुर्तकले जारी गरेको विजक रकम भन्दा कम भुक्तानी हुनु, तथा सम्झौता र कार्यक्रम वेगर उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा आपुर्तकलाई भुक्तानी गरेको र वडाको सिफारिस वेगर कार्य सम्पन्न भएकै हो भन्न नसकिएको रु....	९८,५००।००
७३	**नर्मस्भन्दा बढी भुक्तानीः** २३५/०७६/१/१२ कुक तथा वेटर तालिम मिति २०७६।१।२ देखि २०७६।१।४ सम्म ३ दिन संचालन गर्दा प्रति दिन ४ कक्षाले १२ कक्षाको प्रशिक्षण खर्च लेख्नु पर्नेमा २० कक्षाको प्रति कक्षा रु. १,५००। का दरले खर्च लेखेकाले ८ कक्षाको रु. ९,६००।०० नर्म्समा व्यवस्था नभएको अनुगमन ७ जनालाई १२ शेसनको रु. १८,०००। र ३ दिनको प्रतिवेदन रु. २,०००। हुनेमा रु. १०,०००। भुक्तानी गरेकोले बढी भुक्तानी रु. ८,०००। समेत कूल रु. ३५,६००। बढी खर्च लेखेकोले असूल हुनुपर्ने रु......	३५,६००।००
७३.१	२३३/०७६/१/१२ मिति २०७५।१२।२२ गते १ दिने जुनेटिक रोग सम्बन्धि तालिम संचालन गर्दा नपाउने अनुगमन भत्ता रु. ७,०००। र प्रतिवेदन वापत रु. १,०००। पाउनेमा रु. २५५०। भुक्तानी भएकोले बढी भुक्तानी गरीएको रकम रु १५५०।०० समेत असूल हुनुपर्ने रु.....	८,५५०।००
७३.२	२३७/०७६/१/१६ वित्तिय साक्षरता सम्बन्धि अन्तरकृयात्मक तालिम ५ स्थानमा संचालन गरी ११ वडाका सहभागिलाई प्रशिक्षण गरेको भनी दिनेश कट्टेलले पे.फ. गरेको फाँटवारीमा ५ वटै स्थानमा अनुगमन गरेको भनी ४ जनाका दरले रु. १,५००। का दरले भुक्तानी भएको रु. ३०,०००। र प्रतिवेदन लेखन बापत रु. ५,०००। खर्च लेख्नुपर्नेमा रु. १०,०००। खर्च लेखेकोले नर्म्सभन्दा बढी लेखिएको खर्च असूल हुनु पर्ने रु..	३५,०००।००
७४	**निर्णय बेगर खर्च**: ४४२/०७६/३/२७ नस्ल सुधार गर्भधानको लागि ३ आईटम सामान खरीद गरी विविध सर्जिकल हाउस इटहरीलाई रु. १,६१,००५। भुक्तानी गरेको मध्ये रु. १ लाख शसर्तबाट भएको र बाँकी रु. ६१,०००। यस शिर्षकबाट खर्च लेखेको छ । कार्यपालिकाको निर्णय तथा कायक्रम बेगर लेखेको खर्च नियमित नदेखिएको रु....	६१०००।००
७५	**फाँटवारी बेगर फर्छ्यौटः** ४५७/०७६/३/३१ पेश्की हिसाब मिलान भनी विना प्रमाण कागजात निम्न व्यक्ति तथा संस्थाहरुको नामको पेश्की फर्छ्यौट देखाएको छ । बैंक नगदी किताबमा पेश्की फर्छ्यौट महलमा मात्र	

<table>
<tr><td></td><td>देखाई पाएको महलमा भन्दा बढी फर्छ्यौट समेत देखिएको छ । फर्छ्यौट गर्नु पर्नाको कारण सहित श्रेष्ता फाँटवारी पेश गर्नुपर्ने रु.........
१. लेखा अधिकृत श्री रुद्र मणी श्रेष्ठ २०,०००।००
२. सितलपाटी स्वास्थ्य चौकी १७,६६,०००।००
३. महेन्द्र मा.वि. कृषी भवन ५,४४,५००।
४. गौरी पामा आमा समूह ३,६३,०००।</td><td>२६,९३,५००।००</td></tr>
<tr><td>७६</td><td>पेश्की बाकी- आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार समयमा नै पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार नगरपालिकाको निम्नानुसार पेश्की फछ्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्यौट हुनुपर्ने रु
<table>
<tr><th>नाम</th><th>पेश्की रकम</th><th>व.उ.सि.नं.</th></tr>
<tr><td>खेमराज निरौला</td><td>१०००००.००</td><td>८०११४५३</td></tr>
<tr><td>महेन्द्र मा.वि. मानेभञ्ज्याङ</td><td>८००००.००</td><td>८०११४५३</td></tr>
<tr><td>वृहत्तर मनकामना विश्राम समिति</td><td>७०००००.००</td><td>८०११४५३</td></tr>
<tr><td>सेन्टर फर सस्टेनेवल डेभलपमेन्ट प्रा.लि.</td><td>२६००००.००</td><td>८०११४५३</td></tr>
<tr><td>सुशिल थपलिया</td><td>२५०००.००</td><td>राजश्व बाँडफाँड</td></tr>
<tr><td>राधा कटवाल</td><td>२५०००.००</td><td>राजश्व बाँडफाँड</td></tr>
<tr><td>संगम श्रेष्ठ</td><td>२००००.००</td><td>राजश्व बाँडफाँड</td></tr>
<tr><td>रमेश विष्ट</td><td>१२५००.००</td><td>राजश्व बाँडफाँड</td></tr>
<tr><td>जम्मा</td><td>१२२२५००.००</td><td></td></tr>
</table></td><td>१२२२५००.००</td></tr>
<tr><td></td><td>सशर्त अनुदानः</td><td></td></tr>
<tr><td>७७</td><td>सशर्त अनुदान तर्फः आर्थिक कार्यविधि नियमावली को नियम ३५ (२) (क) मा कुनै पनि रकम को खर्च गर्दा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ४५ (क) मा स्वीकृत रकम सम्बन्धित सेवा तथा कार्यक्रम को निमित्त स्वीकृत सिमा भित्र रही सोही प्रयोजनमा खर्च गनुपर्ने उल्लेख भएको कार्यालयले सशर्त अनुदानको विषयगत खर्च को छुट्टाछुट्टै स्रेस्ता खडा गरी वैक नगदी किताबमा प्रविष्ट गरी निकासा खर्च र बाँकी देखिने गरी कार्यक्रमगत खर्च खाता तयार गरी कृयाकलाप अनुसार कृयाकलापको सिमाभित्र रहेर खर्च गनुपर्नेमा सो गरेको छैन । सशर्त तर्फको सम्पूर्ण स्रेस्ता एउटै वैक नगदी किताबमा प्रविष्टी गरेको कार्यक्रमगत खर्च खाता नराखेको पाइयो जसले गर्दा विषयगत कार्यक्रम सिमाको परिपालना भएको पाईएन । यसले गर्दा कुन-कुन विषयगत क्षेत्रमा के कति खर्च भएको कुन-कुन कृयाकलापमा कति खर्च भयो एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>७८</td><td>लक्ष्य प्रगती विवरणः बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विधि नियमावलि २०६४ को नियम २५ तथा अनुसुचि २ बमोजिमको ढाचामा चौमासिक प्रगती विवरण तयार गर्नु पर्नेमा चौमासिक लक्ष्य प्रगती विवरण तयार गरेको पाइएन । त्यसबाट स्विकृत कार्यक्रम अनुसार कुनकुन कार्यक्रम सन्चालन भए, कुन कार्यक्रम सन्चालन भएनन्, कुन कुनमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगती भयो यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>पशु विकास तर्फ :</td><td></td></tr>
<tr><td>७९</td><td>अनुदानको अनुगमनः कार्यालयले दोभान कृषि केन्द्र लाई बहुवर्षिय पशु आहारा स्रोत केन्द्र स्थापना गर्न रु १५००००।- अनुदान दिएकोमा प्रतिवेदन लिई अनुगमन गरिएको पाईएन । यसबाट कृषकमा पुगेको योगदान र संस्थाले हासिल गरेको उपलब्धी जानकारी हुन सकेन । अनुदान रकमको प्रतिवेदन लिई अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८०</td><td>नर्म्स भन्दा बढी भुक्तानी : अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका को दफा ७.१.१५ को ४ मा सम्बन्धित कार्यालयको स्रोत व्यक्तिले सहायक स्तरको प्रशिक्षण तालिममा कक्षा संचालन गर्दा कक्षा लिएबापत कार्यपत्रको रकम मात्र पाउने उल्लेख छ । नमुना छनोटका आधारमा परिक्षण गर्दा पालिकाका निम्नानूसार कर्मचारीले कक्षा सन्चालन गर्दा कक्षा लिएबापतको रकम समेत भुक्तानी लिएकोले बढी भुक्तानी भएको रकम तथा नर्म्स भन्दा बढी भुक्तानी भएको सवै रकम एकिन गरी असुल हुनुपर्ने रु ..
<table>
<tr><th>ब.उ.शि.नं</th><th>भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>भुक्तानी लिने को नाम</th><th>भुक्तानी</th><th>नर्म्स अनुसार</th><th>कर बाहेक बढी</th></tr>
</table></td><td>३१८३०।००</td></tr>
</table>

				लिएको रकम	पाउने रकम	भुक्तानी
शसर्त पशु	२७६।२०७६।३।३१	कृषक पाठशाला	श्री लाख बहादुर राई	३३६००	१६८००	११६७०
शसर्त पशु	२७६।२०७६।३।३१	कृषक पाठशाला	श्री लाख कुमार राई	३०४००	१५२००	१०६४०
शसर्त पशु	२७६।२०७६।३।३१	कृषक पाठशाला	श्री मेघराज पोखरेल	८०००	४०००	२८००
कृषि शसर्त	२७७।२०७६।३।३१	घुम्ती तालिम	श्री मेघराज पोखरेल	१९२००	९६००	६७२०
				जम्मा		**३१८३०।००**

शिक्षातर्फः

८१ **दरबन्दी व्यवस्थाः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । पालिकाले बाल विकास समेत ४८ सामुदायिक शैक्षिक संस्था लाई अनुदान दिएकोमा कुन कुन शैक्षिक संस्था विद्यालयमा कुन कुन तहको के कति दरबन्दी रहनुपर्ने हो सो स्वीकृत गरेको पाईएन । पालिकाले उपलब्ध शिक्षक कर्मचारीहरुलाई आन्तरिक रुपमा आवश्यकता अनुसार खटाएको पाईयो । यस सम्बन्धमा पालिकाको शिक्षा शाखा प्रमुखलाई सोधिएकोमा देशका सम्पूर्ण शिक्षक कर्मचारीहरुको दरबन्दी शिक्षा मन्त्रालयमा पूल दरबन्दीको रुपमा रहेको जानकारीमा आयो । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

८२ **अनुदान रकमको अनुगमनः** ४३।२०७५।८।४ बाट पालिका ले ५ वटा सामुदायिक अध्ययन केन्द्रलाई प्रतिसंस्था रु १,१६,०००।- को दरले रु ५ लाख ८० हजार अनुदान दिएकोमा संस्थाको लक्ष्य प्रगति अभिलेख लिई अनुगमन मूल्याङकन गरी सुधारको लागि सुझाव पेश गनुपर्नेमा सो गरेको देखिएन ।

८३ **दोहोरो तलवः** हिम मा.वि. सभापोखरी, संखुवासभाको च.नं. १३७ मिति २०७६।२।२४ को रमाना पत्रबाट जनता मा.वि., खाँदवारी सरुवा भएका प्रा.वि. (तृतिय श्रेणी) शिक्षक श्री खगेन्द्र घिमिरे २०७६।२।२६ देखी लागु हुनेगरी रमाना भएकोमा निजको रमानापत्रमा २०७६।३।३० सम्मको तलव भत्ता हिम मा.वि. बाट भुक्तानी भएको उल्लेख छ । खाँदवारी नगरपालिकाले जनता मा.वि. लाई तेस्रो चौमासिक तलव भत्ता निकासा दिँदा २०७६ असार महिनाको तलव निजको नाममा निकासा दिएको पाईएकोले दोहोरो भुक्तानी भएको रकम असूल हुनुपर्ने. रु. ३२६४७।००

८४ **कट्टी रकमको दाखिला प्रमाण पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिक मा तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सा.सु. कर , पा..कर, ना.ल.कोष. , क.सं कोष कट्टी तथा सापटि कट्टी को सक्कल प्रमाण पेश गनुपर्ने मा सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त आधार भएन ।

८५ **नमुना मा.वि. अनुदानः** विद्यालयले तयार पारेको पञ्चवर्षिय विकास गुरुयोजनलाई व्यवस्थापन समिति बाट निर्णय गरी शिक्षा विभाग बाट स्वीकृत भए अनुसार यस आ.व.मा पञ्चवर्षिय विद्यालय सुधार गुरुयोजनाको लागि रु १ करोड ५० लाख निकासा गएको छ । गूरुयोजना अन्तर्गत भवन निर्माणको लागि रु. ३०,९९,८६,०४७- को लागत अनुदान स्वीकृत भएको मा शिक्षा विभागको च.नं. १२० मिति २०७५।१२।२१ को परिपत्र बाट नमुना विद्यालय विकासको लागि विद्यालयलाई निकासा भएको रु १ करोड ५० लाख बाट भए गरेको कार्य प्रगती प्रमाणित भई आएन सो कार्यको स्थानीय निकाय बाट अनुगमन नियमन एवं प्राविधिक सहयोग गर्नुपर्ने व्यहारो पत्रमा उल्लेख छ । सो अनुसारको प्रगति प्रतिवेदन खर्चका विल भरपाई पेश हुन आएन अतः उक्त कार्यको नियमित अनुगमन गरी नियमन गर्नुपर्दछ ।

८६ **कर विजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । निम्न आपुर्तकलाई मूल्य अभिवृद्धि कर समेत भक्तानी दिएको छ । मु.अ.करमा दर्ता भएकाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण प्रत्येक महिनामा पेश गर्नुपर्दछ । निम्न आपुर्तकको विजकको प्यान नम्मर लिई सर्चगर्दा राजश्व विभागको अन लाइनमा नन फिलर देखाएकोले आपुर्तकले मु.अ.कर रकम दाखीला गरेको भनी एकीन नभएकोले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा मु. अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. २६२८९९।००

ब.उ.शि.नं.	भौ.नं. मिति	आपूर्तक उपभोक्ता समिती	कामको विवरण	विजन नं. मिति	विल रकम	मु.अ.कर
सशर्त(पर्यटन)	२६८।२०७६।३।३०	शान्ती निकेतन प्रा.लि.	मनकामना क्षेत्रको डिपीआर	१४।२०७६।३।२९	१६,३५,०००	२,१२,५००

सशर्त(पर्यटन)	२६८।२०७६।३।३०	शान्ती निकेतन प्रा.लि.	खा.न.पा. को पर्यटकिए गुरु योजना	१३।२०७६।३।२९	३,८७,६१०।६२	५०,३८९।३८
				जम्मा		**२६२८९९।३८**

८७ **शिक्षक अभिलेख :** बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख रजिस्टर लेखापरिक्षणार्थ प्रस्तुत नभएकोले शिक्षहहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन ।

स्वास्थ्यतर्फः

८८ **पारिश्रमिक कर**: आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारदाताले कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा करयोग्य आयमा लाग्ने कर अग्रिम रुपमा कट्टागरी दाखीला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारका कर्मचारीहरुको पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा गरी दाखिला गरेको कर नपुग देखिएकाले कर चुक्ता प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु ... ८८६४५।००

कर्मचारीको नाम	वार्षिक आय	वार्षिक कर छुट	करयोग्य आय(१% र १५% र २५ % प्रयोजन)	सा. सु. समेत लाग्ने कर	दाखिला भएको कर	असुल गर्नुपर्ने नपुग कर
डा. सुजता घिमिरे	६६३३२६।००	२२११०९।००	४४२२१७।००	१०३३३।००	४४५५।००	५८७८।००
डा. श्रृजना पाण्डे	६६३३२६।००	२२११०९।००	४४२२१७।००	१०३३३।००	४४५५।००	५८७८।००
डा. किसन नेपाली	६६३३२६।००	२२११०९।००	४४२२१७।००	१०३३३।००	४४५५।००	५८७८।००
डा. ज्वाला बुढाथापा	६६३३२६।००	२२११०९।००	४४२२१७।००	१०३३३।००	४४५५।००	५८७८।००
डा. लक्ष्मण खड्का	६८०७७४।००	२२६९२५।००	४५३८५०।००	१२०७८।००	४४२७।००	७६५१।००
ज.स्वा.अ. दुर्गाबहादुर श्रेष्ठ	७०५६५२।०	१४४८१२।०	५६०८४०।०	३४२१०।०	११२७०।०	२२९४०।०
ज.स्वा.अ. सविरबहादुर दर्जि	७०५६५२।०	१८९२१०।०	५१६४४०।०	२३११०।०	११८७२।०	११२३८।०
ज.स्वा.अ. नरबहादुर श्रेष्ठ	६९७०९८।०	२०३२५६।०	४९३८४२।०	१८०७६।०	९४११।०	८६६५।०
ज.स्वा.अ. सन्तोष थापा	६४७९२२।०	१३४८६०।०	५१३०६२।०	२२२६६।०	७६२९।०	१४६३९।०
जम्मा				**१५१०७२**	**६२४२९**	**८८६४५।०**

८९ **रासन ठेक्का:** सार्वजनिक खरिद नियमावली, २०६४ (८९) मा रासन वन्दोवस्त गर्नुपर्ने सार्वजनिक निकायले प्रत्येक वर्षको माघ १ गते देखी नयाँ आपूर्तीकर्ताबाट रासन आपूर्ती गर्ने गरी रासन/सिधा खरिद तथा वन्दोवस्त गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष खाँदवारी अस्पतालका विरामीहरुको सीधाखुवाउने प्रयोजनार्थ २०७५।११।२३ मा सम्झौता गरी २०७५।१२।१ देखी मात्र नयाँ आपूर्तिकर्ताबाट रासन आपूती गरेको पाईयो । ऐन नियममा भएको व्यवस्था पालना नगरी ढिलो संझौता गरी रासन आपूर्ती गरिनु नियमसम्मत देखिएन ।

९० **पाठ्यपुस्तक अनुदान:** यस नगरपालिकाले पाठ्यपुस्तक बापत प्रथम किस्ता स्वरुप ७५ प्रतिशत ले रु २१,५३,७०६।०० तथा दोस्रो किस्ता स्वरुप बाँकी २५ प्रतिशत को रु ५,६७,८४६।०० गरी जम्मा अनुदान रु २७,२१,५५२।- ६५८९ विद्यार्थीको नाममा निकाशा दिनुपर्ने विवरण पेश गरेको छ । जम्मा ४३ विद्यालयलाई रु २८,८०,२७६।- भुक्तानी दिनुपर्ने भनि विवरण पेश भएकोमा २५ विद्यालयलाई रु २७,२१,५५२।- मात्र भुक्तानी गरेको कारण सहितको विवरण पेश गरेको छैन । पेश भएको पाठ्यपुस्तक विवरणमा जोड जम्मा गरी कुल संख्या र रकम उल्लेख गरेको छैन । कक्षागत रुपमा कुल विद्यार्थी संख्या र दर रकम खुलाई यथार्थ हिसाव देखिने गरी निकाशा गरिनु पर्दछ ।

९१ **गुनासो व्यवस्थापन :** यस नगरपालिकाले आफ्नो कार्यालयमा नागरिक बडापत्र र गुनासो पेटिका राखेको छ । टेलिफोन, मौखिक लगायतका माध्यमबाट गुनासा प्राप्त हुने गरेकोमा कार्यालयले उल्लेखित गुनासाको व्यवस्थित अभिलेख राखेको पाईएन । यस सम्बन्धमा छलफल गर्दा प्राप्त भएका गुनासो समाधान गरिएको तर अभिलेख व्यवस्थित हुन नसकेको लेखापरिक्षणको कममा जानकारी हुन आयो । जुनसुकै माध्यमबाट कार्यालयमा प्राप्त गुनासाको अभिलेख व्यवस्थित हुनु पर्दछ ।

९२ **आन्तरिक लेखापरिक्षण:** आन्तरिक लेखापरिक्षणबाट औल्याएको वेरुजु आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अन्तिम लेखापरिक्षण हुनु अगाडी नियमित तथा असूल/फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था अनुसार फछ्र्यौट नभएका निम्नानुसार व्यहोरा कायम गरिएको छः

३६५०१६४ (स्थानीय पूर्वाधार तथा कृषी सडक)

९२.१ १।२०७५।११।२८ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) अनुसार १ करोड रुपैया सम्म लागत

	अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन वा प्राप्त गर्न सकिनेछ भनी उल्लेख भएको पाइन्छ र सोहि नियमावलीको नियम ९७(१क) मा उपनियम १ मा उल्लिखित १ करोड रुपैया सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश समेतको रकम समावेश हुनेछ भनी उल्लेख भएको छ । कार्यालयवाट हिमालय किरण क्याम्पस सभाहल निर्माण उपभोक्ता समितिसँग जनसहभागीताको अंश समेत मिति २०७५।११।२८ मा रु.१,०९,२८,७१६।०४ को सम्झौता भएको देखिन्छ । सम्झौतामा पेश्की रकम के कति दिने भन्ने व्यहोरा खुलाइएको पाइदैन तथापि पनि कार्यालयले रु.४३,२०,०००।०० (४०%) अग्रिम रुपमा पेश्की प्रदान गरेको देखिन्छ । अत: कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण रुपमा परिपालना गरेको देखिदैन परिपालना साथै संझौता गर्दा नै भूक्तानी विधि तथा पेश्की भूक्तानी के कति प्रदान गर्ने स्पष्ट हुनु तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।	
	३६५१६०३ (स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम)	
९२.२	१। २०७५।१२।१० कार्यालयले स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समितिलाई रु.१७,६६,०००।०० भुक्तानी गर्दा संझौता, उ.स.को निर्णय, साथै पेश्की निवेदन विना नै रकम भूक्तानी गरेको देखिन्छ । अत: कार्यालयले भुक्तानी गर्नु पूर्व संझौता, उ.स.को निर्णय तथा पेश्की निवेदन संलग्न गरी कार्यसम्पन्न प्रतिवेदन समेत पेश गर्नुपर्ने रु ...	१७६६०००।०
९२.३	२।२०७६।०२।०९ मिति २०७५।१२।२८ गते कार्यालय र खाँदवारी सेवा समाज भवन निर्माण उपभोक्ता समिति वीच संझौता भएको देखिन्छ । तथापी कार्यालयले पेश्की रकम भूक्तानी गर्दा साङ्गा छ्यालिङ्ग गुम्वाको नाममा भूक्तानी गरेको देखिन्छ । एउटा उ.स.सँग सम्झौता तथा अर्को उ.स.लाई भूक्तानी गरेको रकमलाई नियमिति मान्न नसकिएको रु...	३१३०००।०
९२.४	४।२०७६।०३।२०मिति २०७५।१२।२८ गते कार्यालय र खाँदवारी सेवा समाज भवन निर्माण उपभोक्ता समिति वीच संझौता भएकोमा कार्य सम्पन्न पश्चात उ.स.को अन्तिम विल रकम भूक्तानी गर्दा उ.स.को निर्णय, फरफराक, कार्यालयको अनुगमन प्रतिवेदन संलग्न देखिदैन तथापि पनि कार्यालयले अन्तिम विल रकम साङ्गा छ्यालिङ्ग गुम्वाको नाममा भूक्तानी गरेको देखिन्छ । एउटा उ.स.सँग सम्झौता तथा अर्को उ.स.लाई भूक्तानी गरेको रकमलाई नियमिति नसकिएको । साथै उ.स.को निर्णय तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु...	६३६१४०।००
	गरिब सँग विश्वेश्वर तर्फ	
९२.५	कार्यक्रम अर्न्तगत विभिन्न समुहहरुलाई रु. २,००,०००।०० वितरण गरेको देखिन्छ । कार्यक्रम भए नभएको कार्यक्रमको उदेश्य पुरा भए नभएको सामाजिक परिचालक वाट अनुगमन तथा प्रतिवेदन संलग्न भएको पाइदैन । अत: कार्यालयले आगामी दिनमा अनुगमन गर्नु पर्ने देखिन्छ ।	
	वित्तीय हस्तान्तरण तर्फ **आन्तरिक आय तर्फ**	
९२.६	१२।२०७५।६।४ नगर उपप्रमुख डेगेश्वरी श्रेष्ठले निम्न बमोजिम भ्रमण गरेको र सो वापत ३८६००।०० भ्रमण खर्च भूक्तानी गरेकोमा कार्यक्रम आयोजक संस्थाको कार्यक्रममा सहभागी हुने वारेको पत्र तथा सो कार्यक्रममा भ्रमण खर्च भुक्तानी भए नभएको कागजात संलग्न गरेको छैन । अत: भ्रमण खर्च दोहोरो परेको छ छैन एकिन गर्न सकिएन ।	
९२.७	८५।२०७६।१।२५ नगर प्रमुखको स्वकीय सचिव सन्तोष चापागाईंले २०७६।१।२५ देखि १।३१ सम्म ब्रिटिश काउन्सीलबाट आयोजित मेयर र शिक्षा नेतृत्वसँग जानकारी आदान प्रदान कार्यक्रम वापत सहभागी हुन जाँदा आउँदा को खर्च रु.११९००।०० भुक्तानी भएकोमा Boarding Pass संलग्न गरेको नदेखिएको हुँदा टिकट रद्द भएको छैन भन्ने एकिन गर्न सकिएन हवाई खर्च भूक्तानी गर्दा अनिवार्य रुपमा Boarding Passनीति अवलम्वन गरिनु पर्छ । अत: वोर्डिङ पास पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु..	११९००।००
	राजश्व बाँडफाँड तर्फ	
९२.८	३३२।२०७६।१।१७ विभिन्न बैठकका सहभागीहरुलाई भत्ता वापतको रकम बुझाएको भर्पाइ संलग्न नभएकोले संलग्न गरी स्रेस्ता अद्यावधिक गर्नु पर्ने अन्यथा रकम नगद निकाली राख्ने कर्मचारीबाट असुल उपर गर्नु पर्ने देखिएको : १) इश्वर घिमिरे रु. ८५०।० २) अमुल्य दाहाल रु. ८५०।० ३) लेखराज थापा मगर रु. ८५०।० ४) गोपाल श्रेष्ठ रु. ८५०।० ५) प्रवेश पोखेल रु. ८५०।०	४२५०।००

	जम्मा रु. ४,२५०।०	
९२.९	३६६।२०७६।१।२४भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ ले भ्रमण खर्च पाउने पदाधिकारी तथा कर्मचारीको वर्गिकरण गरेको छ । जसअनुसार सवारी चालक तथा श्रेणीविहीन कर्मचारीले प्रतिदिन १,०००।० भ्रमण भत्ता पाउने व्यवस्था छ । कार्यालयले सवारी चालक यादव प्रसाद घिमिरेलाई निम्न भौचरबाट प्रतिदिन १२००।० को दरले दैनिक भत्ता भुक्तानी दिएको देखिएको हुँदा बढी भुक्तानी भएको रकम असुल उपर गरी संचित कोष दाखिला गर्नु पर्ने रु. क) भौ.नं. ३६६, २०७६।१।२४ बाट रु. १२५०।० ख) भौ.नं. ३८६ बाट रु. १२५०।०	२५००।००
९२.१०	२०।२०७६।५।२५ नेपाल टेलिकम, खाँदवारीलाई रकम भुक्तानी गरेकोमा नगदी रसिद संलग्न गरेको नदेखिएको हुँदा संलग्न गरी स्रेस्ता अद्यावधिक गर्नु पर्ने देखिएको रु.	९१८१४।००
९२.११	६२।२०७५।६।२३ कार्यालय सम्बन्धी खर्चबाट आ.व. ०७५।७६ को वार्षिक योजना नगर विकास नीति कार्यक्रम पुस्तिका छपाई वापत अरुण प्रेसको २ थान विल विजकबाट प्रति विल विजक २०० थान पुस्तिकाको रु. २१२४४०।० भुक्तानी गरेको देखिन्छ । पुस्तिकामा प्रकाशित प्रति ३०० मात्र उल्लेख भएको देखिएकोले थप १०० थान छपाई गरेको यकिन हुन सकिएन । अत: थप पुस्तक छपाई भएको भए पुस्तक प्राप्त गरी जिन्सी आम्दानी बाध्नुपर्ने अन्यथा बढी भूक्तानी रु ७०,८१३।०० असूल हुनुपर्ने रु...	७०८१३।००
९२.१२	४७७।२०७६।३।३० सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रीट महाशाखा (रीट ख) को च.नं. ७६३०७-२९६८८५ मुद्दा नं. ०७३-WO-०३३६ च.नं. २०७६।०२।२४ को फैसलाको जानकारी सम्बन्धी पत्र संलग्न गरी आ.व. ०७३/७४ को श्रावण १ देखि ०७५/७६ को आषाढ मसान्तसम्मको छुट प्राविधिक ग्रेड वापत विभिन्न कर्मचारीहरुले भुक्तानी लिएको देखिन्छ । सोही पत्रमा सो आदेशको पूर्णपाठ तयार हुने क्रममा रहेको व्यहोरा उल्लेख भएको छ पूर्ण फैसला कुन मिति देखि कति रकम भूक्तानी दिने भन्ने वृस्तृत विवरण आएपछि सोही अनुसार हुने नै हुने तथा फैसला कार्यान्वयनका लागि तालुक निकायबाट निर्देशन प्राप्त भइनसकेको सन्दर्भमा रकम भुक्तानी लिएको रकम नियमित मान्न नसकिने : क) शाखा अधिकृत श्री दिपकमणि घिमिरे रु. ४९५३४।० ख) पशु सेवा अधिकृत श्री मेघराज पोखेल रु. ३८०३०।० ग) पशु स्वास्थ्य अधिकृत श्री लाखबहादुर राई रु. ३८०३०।० घ) पशु स्वास्थ्य अधिकृत श्री रमेश विष्ट रु. ३८०३०।० **जम्मा रु. १६३६२६।०**	१६३६२६।००
९२.१३	११०/२०७५/०८/०३ शाखा अधिकृत लक्ष्मण कुईकेलले कार्यालयबाट भ्रमण आदेश स्वीकृत गराई काठमाण्डौ काजमा जादा मिति२०७५/०७/१४ देखि २०७५/०७/१४ सम्मको फुटकर खर्च बापत ट्याक्सी भाडाका अतिरिक्त रु.३,०००।० लिएको पाईयो । सो रकम असुल हुनुपर्ने रु	३०००।००
९२.१४	१३०/२०७५/०७/१४ वडा नं. २ का कार्यालय सहायक रोशन निरौलाको निजी मोटरसाईकलको. २३ प ८०२४ मर्मत गरेको बीलको भुक्तानी गरेको पाईयो । सरकारी खर्चबाट निजी प्रयोजनको सवारी साधन मर्मत गरेको खर्च असूल हुनुपर्ने रु.	४९५०।००
९२.१५	**दैनिक भ्रमण भत्ता:** शाखा अधिकृत लक्ष्मण कुईकेललाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भ्रमण खर्च र ट्याक्सी चडेको अतिरिक्त फुटकर खर्च समेत भुक्तानी लिएको निम्न बमोजिमको रकम असूल हुनुपर्ने रु.. भौ.न. १५१।०७५।९।०१ रु. २५००।०० भौ.नं. १८२।०७५।१०।०१ रु. २०००।०० भौ.नं. १९०।०७५।१०।०१ रु. १५००।००	६०००।००
९२.१६	३९७/२०७६/०३/०२ सञ्चार खर्च बापतको रकम रु.२,५००।० भुक्तानीगर्दा रिचार्ज कार्डको भनी भुक्तानी गरेको पाईयो । कार्यालय प्रयोजनका लागि प्रयोग भएको मोवाइलमा टेलीकममा रकमभुक्तानी गरेर विललिने व्यवस्था मिलाउँदा खर्च नियन्त्रणमा सहयोग पुग्ने देखिन्छ ।	
९२.१७	४०३/२०७६/०३/०८ प्रशासकीय अधिकृत दिनेश कट्टेलले भ्रमण खर्च बापतको रकम भुक्तानी लिदा भ्रमण खर्च, ट्याक्सी भाडाका अतिरिक्त फूटकर खर्च बापत रु ३,०००।०भुक्तानीलिएको पाईयो । सो रकम असुल हुनुपर्ने रु...	३०००।००
९२.१८	४३१/२०७६/०३/१७ ईन्धन खर्च बापतको रकम महालक्ष्मी अटोमोबाईल फ्यूल सेन्टर लाई .३,९८,२५२।००	

	मात्र भुक्तानी गरेकोमा कार्यालय प्रयोजनका लागि खर्च भएको ईन्धनको बील भुक्तानी गर्दा ईन्धन खर्च भएको आधार देखाउने प्रमाण सवारी लगबुक संलग्न गरी भुक्तानी गर्नुपर्दछ अन्यथा यस्तो प्रकारको खर्च नियमित खर्च हो भन्न सकिएन । अत: सवारी लगबुक पेश हुनुपर्ने रु .	३९८२५२।००
९२.१९	४६४/२०७६/०३/२५ निलम्वित ले.अ. नविन श्रेष्ठ ले स्थानीय भत्ता बापत भुक्तानी लिएको रकम रु.१६,८७५।०, चाडपर्व खर्च आधा रकम भुक्तानी लिनु पर्नेमा रु ३०५००।०० भुक्तानी लिएकोले रु १५,२५०।० समेत असुल हुनुपर्ने रु.	३२१२५।००
९२.२०	४६६/२०७६/०३/२५ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई, सिंहदरबार काठमाडौंको च.नं. १५९ मिति २०७५।०६।१५ को पत्रानुसार सूचना प्रविधि अधिकृतको स्थानीय भत्ता नेपाल सरकारको रा.प. तृतीय श्रेणीका अधिकृत स्तरको कर्मचारीलाई अर्थ मन्त्रालयले तोके अनुसार हुने गरी कायम गर्न सवै स्थानीय तहहरुलाई पत्राचार गरेको छ । कार्यालयले सूचना प्रविधि अधिकृत प्रदीप बुढाथोकी लाई वर्षभरी नै रु. ७,००० का दरले स्थानीय भत्ता भुक्तानी गरेको देखिएको हुँदा प्रति महिना बढी भुक्तानी भएको रकम असुल गरी संचित कोष खातामा दाखिला हुनुपर्ने रु.	३९०००।००
	मर्मत संम्भार तर्फको	
९२.२१	४/२०७५/०९/२६ कार्यक्रमखर्च रु ५०,०००।० लेखेकोमा बील तथा भरपाई रु ४२,०९०।० मात्र रहेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु	७९१०।००
९२.२२	विभिन्न २०७५/५/८ जिल्ला दररेट अनुसार दक्ष मिस्त्रीको दैनिक ज्याला रु ८७५ तथाज्यामीको दैनिकज्याला रु ६१५।- रहेकोमा कार्यालयले फरक फरक दरले रकम भुक्तानी दिएको पाइयो यसरी फरक फरक दरमा भुक्तानी भएको रकम रु ६७५ का दरले भुक्तानी गरेको पाईयो । यसरी भुक्तानी भएको १४ जनाको प्रतिव्यक्ति रु ६० का दरले हुनआउने रकम असुल हुनु पर्ने रु.. भौ.नं. ५/२०७५/९/२७ १४ जवान प्रति जवान रु ६० का दरले रु. ८४०।० भौ.नं. ८/२०७५/१०/१३ ३० जवान प्रति जवान रु. ३५ का दरले रु. १०५०।०	१८९०।००
९२.२३	१६/२०७५/११/२३ प्रतिस्पर्धा बिना सोझै खरिद गरी ईसा कन्स्ट्रक्सन गुलरिया ८ बर्दियालाई रु.२,२६,६५७।० भुक्तानी गरेको पाईयो । रु ५ लाख सम्मको सोझै खरिद गर्दा कार्यालयमा सूचीकृत भएका फर्महरुसँग दररेट माग गरी न्यून कबोल गर्ने फर्मसँग खरिद सम्झौता गर्नुपर्ने नियम भएकोले सो रकम नियमित खर्च हो भन्न नसकिएको रु...	२२६६५७।०
९२.२४	१८ र ३७ २०७५/११/२८ र २०७६/०३/२७ एक आ.व.मा रु पाँचलाख सम्म एउटै फर्म सँग कोटेशनमाग गरी खरिद सम्झौता हुन सक्ने प्रावधान रहेकोमा एउटै फर्म अरुण बरुण निर्माण सेवालाई गो.भौ.नं. १८ मिति २०७५/११/२८ बाट रु ४०२५६९।० र गो.भौ.नं. ३७ मिति २०७६/०३/२७ बाट रु ४४५३९१।० भुक्तानी गरेको पाईयो । यसरी खर्च गर्दा एउटै फर्म सँग खरिद सम्झौतागर्ने हो भने नियमानुसार गर्नु पर्ने देखिन्छ ।	
	आयुर्वेद तर्फ (सशर्त अनुदान)	
९२.२५	२७३।२०७६।३।३१ पशु/कृषि सम्बन्धी कृषक पाठशाला संचालन गरी डा. लाख कुमार राईले पेश्की फर्छ्यौट गरकोमा प्रतिदिन १ पटक अनुगमन गरेको भनी प्रमुख प्रशासकीय अधिकृत कोमल प्रसाद धमलालाई प्रतिदिन १६००।० का दरले (पारिश्रमिक कर कट्टा गरी) जम्मा रु. ९२५०।० भुक्तानी गरकोमा अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन । यस्तो प्रकृतिको भत्ता भुक्तानी गर्ने सम्बन्धमा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा समेत व्यवस्था नभएको हुँदा अनुगमन प्रतिवेदन पेश गरी असूल हुनुपर्ने रु..	९२५०।००
९२.२६	खाँदवारी नगरपालिकाको पर्यटन गुरुयोजना निर्माणका लागि रु. १९,००,०००।० र मनकामना धामको DPR निर्माणका लागि रु. १५०००००।० वजेट विनियोजन भएको देखिन्छ । कार्यालयले दुवै कार्यको लागि सूचिकृत परामर्शदाताहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी पर्यटन विकास गुरुयोजनाको लागि रु. १४,६०,०००।० र मनकामना धामको गुरुयोजना निर्माणका लागि रु. १८,४७,५५०।० मा सम्झौता गरेको देखिन्छ । मनकामना धामको कार्य सम्पन्न भएको भनी रु. १८,४७,५५०।० भुक्तानी गरेकोमा विनियोजित वजेट भन्दा बढी रकम खर्च गरेको रु. ३,४७,५५०।० नियमित मान्न सकिएन । खाँदवारी नगरपालिकाको पर्यटन गुरुयोजना वापत रु. ४,३८,०००।० पेश्की दिएकोमा सो रकम बराबरकै कार्य भएको भनी सोही बमोजिमको रकम भुक्तानी गरी सम्झौताको अन्त गरेको देखिन्छ । सम्झौता बमोजिमको कार्य सम्पन्न नगरी सम्झौता अन्त गर्दा कार्यालयबाट अपेक्षित उपलब्धी हासिल भएको मान्न सकिएन । दुवै कार्यको लागि परामर्शदाताबाट पेश	

	भएको मु.अ.क. विल विजक समेत प्रचलित कानून बमोजिमको नदेखिएको हुँदा उक्त फर्मले मूल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने देखिएको । पेश्की रकम बराबरको विल जारी गरी गुरु योजना वापतको रकम पेश्की फछ्र्यौट गर्ने तथा डि.पि.आर. निर्माणको लागि विनियोजित बजेट भन्दा बढी रकमको सम्झौता गरी वढी खर्च लेखेको रकम नियमित मान्न नसकिएको रु	३४७५५०।००
९२.२७	२६९।२०७६।३।३१प्राविधिक धार संचालन भएका विद्यालयमा ल्याव व्यवस्थापन अनुदान कार्यक्रम वापत मनकामना रत्न अम्बिका मा.वि., खाँदवारी ९ लाई रकम निकासा गरकोमा कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम कार्यक्रम संचालन गरी विल भर्पाइ तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.	१८००००।०
९२.२८	२३७।२०७६।१।१६ वित्तीय साक्षरता सम्बन्धी ५ दिने अर्न्तक्रिया कार्यक्रम (एक केन्द्र एक दिन) संचालन गर्दा प्रशासकीय अधिकृत दिनेश कट्टेलले निम्न बमोजिम खर्च गरेको रकम नियमित मान्न नसकिएको । सहभागी संख्या : २२० जना स्टेशनरी : २२० जना प्रतिव्यक्ति रु. २५०।० अनुगमन : २० जना प्रतिव्यक्ति १५००।० प्रतिवेदन : १००००।० सहयोगी : २ जना प्रतिव्यक्ति ५००।० दुई पटक प्रशिक्षक/संयोजक भत्ता : २० सेसन प्रति सेसन १५००।० दुई पटक प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ बाट जारी भएको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ६ मा निम्नानुसार खर्चको नर्म्स उल्लेख छ : क) स्टेशनरी : रु. १००।० प्रति सहभागी ख) संयोजक भत्ता : रु. ४००।० (अधिकतम १५ कार्य दिन सम्म) ग) सहयोगी भत्ता : रु. १५०।० (अधिकतम १५ कार्य दिन सम्म) घ) प्रतिवेदन : रु. १५००।० (एक दिन भन्दा बढीको कार्यक्रम भए थप रु. ५००।० समेत) अतः स्टेशनरीमा नर्म्स भन्दा बढी खर्च लेखेको रु १५०।- का दरले २२० जनाको रु ३३०००।०० असूल हुनुपर्ने रु..	३३०००।००
९२.२९	२७२।२०७६।१।२० कार्यालयले सार्वजनिक निर्माण कन्टिन्जेन्सी खर्चबाट विभिन्न फर्महरुलाई विलको आधारमा रु ४३८३०६।०० भुक्तानी गरेको देखिन्छ । सो मध्ये श्रृजा इन्टरप्राईजेज खाँदवारी बाट २० पिस रेनकोट र १५ थान मोटरसाईकल कभर समेत खरीद गरी रु ९९,४९६।०० भुक्तानी गरेकोमा उक्त सामान सम्बन्धीतलाई वितरण गरेको प्रमाण पेश नभएको रु .	९९,४९६।००
९२.३०	२९८।२०७६।२।१५ खाँदवारी नगरपालिका अन्तर्गत सेकाहा र सित्तलपाटीमा स्वास्थ्य शिविर संचालन वापत गोपाल भगत मेमोरियल हस्पिटल खाँदवारीलाई रु. २,००,०००।० भुक्तानी गरेको देखिन्छ । शिविर कुन कुन मितिमा संचालन भयो ? शिविरमा के कस्ता विरामीहरु कती संख्यामा सहभागी भए ? जस्ता सामान्य कुराहरु समेत खुल्ने विवरण पेश भएको नदेखिएकोले शिविर संचालन भएको कुरामा विश्वस्त हुन सक्ने कागजात स्रेस्तासाथ संलग्न हुनु पर्ने रु.	२०००००।० ०
९२.३१	३८७।२०७६।३।१७ प्रत्येक विद्यालयलाई प्राथमिक स्वास्थ्य उपचार किट (First Aid Box and Kit) वितरणका लागि महादेव फार्मेसीलाई रु. ४,९८,५६२।० भुक्तानी गरेको देखिन्छ । किट बक्स खरिदका लागि ३ वटा फर्मबाट दरभाउपत्र माग गरेको भएता पनि कुन फर्मले के कति दररेट प्रस्ताव गरेको हो भन्ने खुल्दैन । खरिद गरिएका First Aid Box and Kit वितरण भएको समेत नदेखिएको हुँदा कार्यक्रमको लक्ष्य पुरा हुन सक्ने देखिएन । अत वितरण गरी भर्पाइ समेत पेश हुनु पर्ने रु..	४९८५६२।००
९२.३२	४०६। अर्वुद रोग निवारण शिविर संचालन वापत गोपाल भगत प्रधान मेमोरियल ट्रष्ट खाँदवारीलाई रु. १,००,०००।० भुक्तानी गरेकोमा डा. सविना पौडेललाई विशेषज्ञ सेवा वापत रु. ५०,०००।० र Pap smear O.T. वापत रु १९,६००।० तथा विशेषज्ञ शिविरमा संलग्न कर्मचारीहरुलाई भत्ता वापत रु. २२,०००।०० भुक्तानी गरकोमा नियमानुसार कर कट्टी नभएको रकम असुल गरी संचित कोष दाखिला हुनु पर्ने देखिएको रु.	१३,७४०।०
९२.३३	३७४/२०७६/०३/१२ कृषि सामग्री खरिद बापत रु. १०,००,०००।० नगरपालिकाबाट अनुदान र रु.१,००,०००।० लागत सहभागीताबाट कृषक समुहबाट खर्च हुने गरी खर्च गरिएकोमा कुन कृषक समुहलाई के सामग्री आवश्यक पर्दछ र अनुदान दिने मापदण्ड के के हुने भन्ने निश्चित मापदण्ड तथा कार्यविधिबनाई कृषक	

	समुहहरुको छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने मा सो गरेको छैन ।	
९२.३४	११५/२०७५।११।०१जिल्ला समन्वय समिति गेट छेउ देखि पिप्ले हुँदै भेडेटार जाने मोटरवाटो ड्रेन तथा ग्राभेल सम्बन्धीकार्य गर्न न.पा.वाट रु.१०,००,०००।०० व्यहोरिएकोमा कुल लागत अनुमान, साझेदारहरुको योगदान खुल्ने कागजात स्रेस्ता साथ संलग्नहुनु पर्छ ।	
९२.३५	१३९. २०७५।११।२३ लेखा तथा प्रशासन सहायक श्री कमलवहादुर कार्कीले (वित्तिय समानीकरण सामाजिक विकास लक्षितवर्ग तर्फ) ८० वर्ष पुरा भई ८१ वर्ष लागेका ज्येष्ठ नागरिकहरुलाई चाडपर्व खर्च वापत रकम भूक्तानी गरेकोमा रु.२३००००।०० मध्ये रु.२०००।०० को भर्पाई नभएको रकम अशुल गर्नुपर्ने देखिएको रु.	२०००.००
९२.३६	१४१/२०७५।११।२३ पाखीवास एफ.एम.१०४ मेघाहर्जको वि.नं.३८५, २०७५।०९।१५ गतेको प्रतिलिपि विलवाट भूक्तानीगरिएको रकम रु.६०००।०० अशुलउपर हुनु पर्ने रु	६०००.००
९२.३७	१९१. २०७५।११।१२कार्य संचालन निर्देशिका २०७५ बमोजिम १ दिने कार्यक्रमको प्रतिवेदन लेखन वापतको पारिश्रमिक रु.१,०००।०० र वढीमा रु.३,०००।०० सम्म लिनपाईने व्यवस्था रहेको पाइन्छ । खाँदवारी नगरस्तरीय सहकारी संस्था क्षमता विकास संस्था २०७५को कार्यक्रम संयोजकले प्रतिवेदन पेश गरी लिएको पारिश्रमिक निम्नानुसार अशुल गर्नुपर्ने रु १.प्र.प्र.अ.श्री कोमल प्रसाद धमला सहकारी संस्था १ दिने नेतृत्व विकास तालिम रु.७,६५०। २.ले.अ. श्री रुद्रमणी श्रेष्ठ सहकारी संस्था ३ दिने लेखा व्यवस्थापन तालिम रु.५,९५०। ३.प्रशिक्षक श्री थरेन्द्र नेपाल सहकारी संस्था २ दिने लेखा व्यवस्थापन तालिम रु.५,९५०। मिति २०७५।१२।०८ देखि १३ सम्म संचालित तालिम तथा गेष्ठी कार्यक्रममा विभिन्न सेसनको अनुगमन गरेको भनी भुक्तानी लिएको रकम तथा पदाधिकारी र कर्मचारीहरु . क. श्री मुरारी प्रसाद खतिवडा ७ सेसन रु.१०,५००।०० ख. श्री डेगेश्वरी श्रेष्ठ ५ सेसन रु.७,५००।०० ग. श्री कोमल प्रसाद धमला ३ सेसन रु.४,५००।०० घ. श्री सुनिता कट्वाल कार्की ३ सेसन रु.४,५००।०० ङ. श्री दिपकमणी घिमिरे २ सेसन रु.३,०००।०० च. श्री खेमराज निरौला २ सेसन रु.३,०००।०० छ. श्री सरोज कुमार श्रेष्ठ २ सेसन रु.३,०००।०० ज. श्री टंक डागी २ सेसन रु.३,०००।०० झ. श्री दिनेश कट्टेल २ सेसन रु.३,०००।०० ञ. श्री सन्तोष चापागाई २ सेसन रु.३,०००।००	६४५५०.०
	आन्तरिक पूँजीगत तर्फ	
९२.३८	२/२०७५।०६।२२खाँदवारी भानुचोकमा रहेको खाँदवारी नगरपालिका भवन निर्माण सम्वन्धी कार्य गर्न हिमालय कन्स्ट्रक्सन र नगरपालिका विच मिति २०७५।१।१३ गते संझौता भएको पाइन्छ । संझौतामा निर्माण कम्पनीलाई के कति मोविलाईजेशन पेश्की दिने भन्ने कुरा खुलाइएको पाइदैन । तथापी कार्यालयले रु.६,०४,२००।०० पेश्की प्रदान गरेको देखिन्छ । सम्झौता अनुसार मिति २०७५।०३।१५ सम्म कार्य सम्पन्न गरीसक्नु पर्नेमा मिति २०७५।०३।१८ गते ६ महिनाको म्याद थपका लागि टिप्पणी पेश गरेको देखिन्छ । मिति २०७५।०३।१८ गते नै प्राविधिकबाट ढलान सेटिङ खोल्न धेरै समय लागेको भनि म्यादथप्न सिफारिस गरेको देखिन्छ । लागत अनुमान तयार गर्दा नै ढलान फर्मा सेटिङ गर्न र खोल्न कति समय लाग्छ, ढलान सुरक्षित गर्न कति दिन फर्मा खोल्न हुँदैन आदी पक्ष विचार गरेर मात्र ठेक्काको अनुमानित म्याद निर्धारण गर्नु पर्नेमा सो नगरी त्यसलाई पछि कारण बनाएर म्याद थप गर्न उचित तथा थप यथेष्ट प्रमाण संलग्न नगरी सिफारिस गरिनु नियमसंगत होइन ।	
	सशर्त अनुदान तर्फ	
९२.३९	२४३।२०७६।३।२० आयुर्वेद कार्यक्रमतर्फ गाउँ घर क्लिनिक कार्यक्रम वापत विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन विना बरिष्ठ कविराज निरीक्षक भोला प्रसाद साहलाई रु. ३९६५०।० भुक्तानी गरेको देखिएको हुँदा विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन भए संलग्न गरी स्रेस्ता अद्यावधिक गर्ने अन्यथा असुल उपर गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.	३९६५०।०
९३	**बेरुजुको लगत र संपरीक्षण :** स्थानीय सरकारको आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ५८(१) मा	

	आन्तरिक वा अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजूको सम्बन्धमा म्याद तोकेको भए सो म्यादभित्र नतोकेकोमा ३५ दिनभित्र आवश्यक प्रमाण पेश गरी नियमित गर्नुपर्ने भए नियमित गरी वा गराई वा असुल उपर गर्नुपर्ने भए असुल उपर गरी वा जवाफबाट स्पष्ट गर्नुपर्ने भए स्पष्ट जवाफ दिई बेरुजू सम्बन्धित लेखापरीक्षक वा लेखापरीक्षण निकायलाई जानकारी दिनुपर्ने, नियम ५८(२) मा उपनियम १ बमोजिमको म्यादभित्र बेरुजू फछ्र्यौट गर्न नभ्याएमा सम्बन्धित लेखापरीक्षकले औचित्य र आवश्यकता हेरी बढीमा १५ दिनको समय थप गरी दिन सक्ने, नियम ५८ (३) मा उपनियम १ र २ बमोजिम बेरुजू फछ्र्यौटको कारबाही नगरेमा जिम्मेवार कर्मचारीलाई कार्यपालिकाले जरिवाना वा विभागीय कारबाही वा दुबै गर्न सक्ने व्यवस्था छ। खाँदबारी नगरपालिकाको आर्थिक कार्यबिधि कानून २०७५ को बुदा नंबर २०(१) मा महालेखापरीक्षकको प्रतिबेदनमा औंल्याएको बेरुजू असूल उपर गर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी ठहर्‍याएको रकमको लगत कार्यालयले अध्याबधिक गरी गराई राख्नु पर्ने व्यबस्था छ। नगरपालिकाले बेरुजुसंपरीक्षण गराई बेरुजू राफसाफ गराउने तर्फ ध्यान जानु पर्ने देखियो।	
९४	**बेरुजू** - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ९ लाख ८२ हजार, अनियमित बेरुजू रु. १ करोड २ लाख ३७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ४ करोड ५४ लाख ४१ हजार र पेश्की बाँकी देखिएको रु. १२ लाख ८९ हजार समेत रु. ५ करोड ७९ लाख ४९ हजार बेरुजू कायम भएको छ। प्रतिक्रिया प्राप्त भएकोमा सो साथ संलग्न प्रमाणको आधारमा वेरुजु फछ्र्यौट भएको छैन।	
९५	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : (रु.हजारमा)	

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
१०१८९६	-	१०१८९६

९६	**अद्यावधिक बेरुजू स्थिति :** खाँदबारी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : (रु.हजारमा)	

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी ©	यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (E)	बाँकी (F=C+D+E)
१०१८९६	-	५७९४९	१५९८४५

अनुसूची - १

बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं	स्थानीय तहको नाम	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिमेवार नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	खादवारी नगरपालिका	संखुवासभा	९५	७३	५७९४९	०	०	०	९५	७३	५७९४९	९८२	१०२३७	४५४४१	०	०	५५६७८	२४९	१०४०	१२८९

अनुसूची - २

स्थानीय तह संचित कोष विवरण
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	आय					व्यय				
			गतवर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात बाँकी
			१	२	३	४	५=(२+३+४)	६	७	८	९=(६+७+८)	१०=(१+५-९)
१	खादवारी नगरपालिका	संखुवासभा	७७५८२	१८३१२०	४००६४४	५६१७५	६३९९३९	३४८०२८	२२०११६	२९८७०	५९८०१४	११९५०७

अनुसूची- ३

अद्यावधिक बेरुजू स्थिति
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.बाट कायम भएको बैरुजू	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१	खादवारी नगरपालिका	संखुवासभा	१०१८९६	०	१०१८९६	०	५७९४९	१५९८४५